काठमाडौं, नेपालगन्ज, विराटनगर, पोखरा र बुटवलबाट एकसाथ प्रकाशित

# नागरिक

दैनिक

**आर्थिक**
१० अर्बको एनआरएनए फन्ड कार्यान्वयनमा लैजाने तयारी

**समाचार**
बालबालिकालाई कमैया-कमलरी राख्न नपाउने विधेयक संसद्मा



**युइएफए सुपर कपमा रेफ्रीको चर्चा**
सन् २००३ पछि पहिलोपटक घरेलु टोली अस्ट्रेलिया आफ्नो उत्तरी क्षेत्र उष्ण कटिबन्धीय डार्विनमा टेस्ट क्रिकेटका लागि फर्किएको छ ।

वर्ष १८, अंक ९७, पृष्ठ ८, बिहीबार, २८ साउन २०८३, श्रावण शुक्लपक्ष प्रतिपदा, Thursday, 13 August 2026, नेपाल संवत् ११४६, मूल्य- १०/- nagariknews.com

# किसानको आर्थिक हैसियत उकास्दै ‘कालो सुन’

अमर खड्का

*इटहरी, साउन २७*

ताप्लेजुङको मेरिङ्देन गाउँपालिका-१ का ४७ वर्षीय हरि लिम्बूले १० वर्षदेखि अलैंची खेती गर्दै आएका छन् । अघिल्लो वर्ष ३० मन अलैंची उत्पादन गरेका लिम्बूले यस वर्ष उत्पादन राम्रो भएकाले थप पाँच मन उत्पादन बढ्ने अपेक्षा गरेका छन् ।

अलैंची खेतीमा उनले पछिल्लो १० वर्षमा ७० लाख रुपैयाँ बढी लगानी गरिसकेका छन् । सुरुमा लगाएका अलैंचीका बिरुवा पुराना हुँदै गएपछि उनले तीन वर्षयता नयाँ बिरुवा रोप्दै आएका छन् । अहिले उनको अलैंची खेती डेढ सय रोपनी क्षेत्रफलमा छ । दुई वर्षपछि नयाँ बिरुवाले उत्पादन दिन थालेपछि उत्पादन ७० मनभन्दा बढी पुग्ने उनको अनुमान छ । त्यसपछि अहिलेसम्म गरेको लगानीको प्रतिफल उठ्ने र आम्दानी पनि बढ्ने उनको विश्वास छ । ‘अहिलेसम्म अलैंचीमा लगानी गरें, अब दुई वर्षपछि रामै आम्दानी होला,’ लिम्बूले भने ।

> पूर्वी पहाडी जिल्लामा सामान्य ढंगले अलैंची लगाउँदै आएका किसान अहिले व्यावसायिक खेतीमा रमाउन थालेका छन् । अलैंची खेती विस्तारसँगै उत्पादन र आम्दानी पनि बढेको छ । अहिले अलैंची टिप्न सुरु भइसकेको छ । यसको सुरुवाती मूल्य प्रतिमन एक लाख रुपैयाँ हाराहारी छ ।

लिम्बूका अनुसार अहिलेसम्म उनी ऋणमा छैनन् । अलैंचीबाट भएको आम्दानी पनि सोही खेतीमा लगानी गर्दै आएकाले देखिने गरी धनसम्पत्ति जोड्न नसकेको उनले बताए । ‘दुई वर्षपछि लगानी गर्नुपर्ने अवस्था केहीमा पनि हुँदैन । त्यसपछि हुने कमाइबाट धनसम्पत्ति जोड्न पाइन्छ भन्ने आशा छ,’ उनले भने ।

ताप्लेजुङकै फक्ताङलुङ-३ का ३३ वर्षे देवराज लिम्बूले पनि २० रोपनीमा अलैंची खेती गरेका छन् । उनले आफू १९ वर्ष भएदेखि अलैंची खेती थालेका हुन् ।

बाँकी पृष्ठ २

## साढे १२ अर्बको अलैंची निर्यात, हालसम्मकै उच्च



इलामको सुलुबुङमा फलेको अलैंची । *तस्बिर : भीम/नागरिक*

भीम चापागाईं

*इलाम, साउन २७*

नेपालबाट गत आर्थिक वर्षमा साढे १२ अर्ब रुपैयाँको अलैंची निर्यात भएको छ । यो अहिलेसम्मकै बढी हो । पूर्वी नेपालका पहाडी जिल्लामा अलैंची खेती र उत्पादन धेरै हुन्छ । उत्पादित अलैंची सबैजसो मेची भन्सार कार्यालय भएर निर्यात हुन्छ ।

मेची भन्सार कार्यालयका अनुसार आव २०८२/८३ मा १२ अर्ब ६३ करोड ६९ लाख ७० हजार रुपैयाँको (६३ लाख ८५ हजार ८७० किलो) अलैंची निर्यात भएको हो । यो मूल्य आर्थिक वर्ष २०८१/८२ को तुलनामा चार अर्ब ९६ करोड २९ लाख ३३ हजार रुपैयाँ अर्थात् ३९.२७ प्रतिशतले बढी हो । आव २०८१/८२ मा सात अर्ब ६७ करोड ४० लाख ३७ हजार रुपैयाँको (४२ लाख ९४ हजार ५५० किलो) अलैंची निर्यात भएको थियो ।

कुन जिल्लाबाट कति अलैंची निर्यात भयो भन्ने यकिन तथ्यांक भने छैन । इलाम उद्योग वाणिज्य संघका इलामबाट अढाइ अर्ब रुपैयाँको अलैंची निकासी भएको अनुमान छ । संघका अध्यक्ष चेतनाथ पौडेलले जिल्ला-जिल्लाको तथ्यांक छुट्याउन जटिल हुने बताए । प्रायः कोसी प्रदेशका पहाडी जिल्लामा उत्पादन भएको सबै अलैंची झापाको बिर्तामोडमा संकलन भई मेची भन्सारबाट बाहिरिने गरेको व्यापारी बताउँछन् । गत आवमा उत्पादन र मूल्य दुवै बढेका कारण अलैंचीले ठुलो आकारमा विदेशी मुद्रा आर्जन गरेको हो । नेपाल अलैंची व्यवसायी संघका अनुसार किसानले पनि राम्रो मूल्य पाएका छन् ।

बाँकी पृष्ठ २

# प्रदेश सरकारमा थपिँदै बेरुजु भार




## कोसीमा ६ अर्ब

विनोद सुवेदी

*विराटनगर, साउन २७*

कोसी प्रदेश सरकारको बेरुजु साढे ५ अर्ब नाघेको छ । महालेखापरीक्षकको आठौं वार्षिक प्रतिवेदन २०८३ का अनुसार कोसी सरकारको कुल बेरुजु आर्थिक वर्ष २०८१/८२ सम्ममा ५ अर्ब ८६ करोड ६८ लाख रुपैयाँ पुगेको छ । कोसी प्रदेशमा आव २०७४/७५ मा दुई करोड २३ लाख ४२ हजार रुपैयाँ रहेकोमा आव २०८१/८२ मा ५ अर्ब ८६ करोड ६८ लाख ३ हजार रुपैयाँ पुगेको हो ।

महालेखाको प्रतिवेदनअनुसार कोसी प्रदेशमा विगतको तुलनामा पछिल्ला दुई वर्षमा वार्षिक बेरुजु घट्दै गएको देखिए पनि हरेक वर्ष नयाँ बेरुजु थपिने क्रम नरोकिएका कारण बेरुजु नियन्त्रण चुनौतीपूर्ण बन्दै गएको छ । कोसीमा आव २०७५/७६ मा वार्षिक बेरुजु सबैभन्दा बढी १ अर्ब ६७ करोड ३९ लाख २६ हजार रुपैयाँ रहेको देखिएको छ । आव २०७९/८० मा १ अर्ब ३१ करोड ७६ लाख १० हजार रुपैयाँ बेरुजु थियो । आव २०८०/८१ मा उल्लेख्य रूपमा घटाएर वार्षिक बेरुजु ८६ करोड ८१ लाख ८९ हजार रुपैयाँमा झार्न कोसी सरकार सफल भयो । बेरुजु घटाउन अभियान नै चलाइएका कारण पछिल्लो आव २०८१/८२ मा कोसी सरकारको वार्षिक बेरुजु ५८ करोड ६६ लाख ८३ हजार रुपैयाँमा झरेको थियो । त्यसमा असुल गर्नुपर्ने १५ करोड १७ लाख ४ हजार, नियमित गर्नुपर्ने ४० करोड ३८ लाख ४२ हजार र पेस्की बाँकी ३ करोड ११ लाख ३७ हजार रुपैयाँ छ ।

पछिल्ला वर्षहरूमा वार्षिक बेरुजु घट्दै गए पनि पुरानो बेरुजु उल्लेख्य रूपमा नघट्दा कुल बेरुजु भने बढ्दै गएको छ । बेरुजुको वार्षिक अंक अघिल्लो वर्षको तुलनामा घटेको देखिए पनि सरकारी खर्चमा देखिएका कमजोरी पूर्ण रूपमा नियन्त्रणमा आउन सकेका छैनन् । आव २०८१/८२ मा १८२ सरकारी कार्यालय तथा समिति र २६ अन्य संस्था गरी २०८ निकायको ५२ अर्ब ३८ करोड ४९ लाख ७९ हजार रुपैयाँको लेखापरीक्षण गरिएको थियो ।

बाँकी पृष्ठ २

## गण्डकीमा तीन अर्ब

सन्देश श्रेष्ठ

*पोखरा, साउन २७*

गण्डकी प्रदेशमा बेरुजु बर्सेनि बढ्दो छ । गण्डकीमा बेरुजु आठ वर्षमा तीन अर्ब पुग्न लागेको छ । गण्डकी प्रदेश सरकार र मातहतका कार्यालयहरूको हालसम्मको बेरुजु २ अर्ब ८३ करोड ३८ लाख रुपैयाँ पुगेको महालेखा परीक्षकको प्रतिवेदन २०८३ मा उल्लेख छ ।

गण्डकीमा आव २०८१/८२ मा ५९ करोड ५० लाख १९ हजार रुपैयाँ बेरुजु थपिएको छ । यो अघिल्लो आव २०८०/८१ को भन्दा ७ करोड २२ लाख १९ हजारले बढी हो । आव २०८०/८१ मा गण्डकीमा पेस्कीसहित ५१ करोड ९८ लाख बेरुजु थपिएको थियो । सोही वर्ष ४५ अर्ब २४ करोड २४ लाख रुपैयाँको लेखापरीक्षण गर्दा १.१५ प्रतिशत बेरुजु निस्किएको महालेखाको ६२औं प्रतिवेदनमा उल्लेख छ ।

महालेखाले गण्डकी प्रदेश प्रमुखसमक्ष बुझाएको प्रतिवेदनमा कुल बेरुजुमध्ये ४३ हजार ४४१ रुपैयाँ असुलउपर गर्न भनेको छ । त्यस्तै ८१ हजार ३७२ रुपैयाँ नियमित गर्नुपर्ने, ९३ हजार ७९३ रुपैयाँ अनियमितता भएको, ३ लाख ४९ हजार १०५ रुपैयाँको कागजात पेस नभएको, ५४ हजार ४१ रुपैयाँको शोधभर्ना नलिएको तथा ५ लाख ९५ हजार १९ रुपैयाँ पेस्कीबापतको बेरुजु देखिएको प्रतिवेदनले औंल्याएको छ ।

गण्डकीको यस वर्षको बेरुजु अघिल्लो आवको भन्दा ०.४४ प्रतिशत बढी छ । पेस्कीबाहेकको बेरुजु हेर्दा आव २०८०/८१ मा १ प्रतिशत मात्र थियो । गण्डकीमा प्रदेश स्थापना भएको पहिलो वर्ष २०७४/७५ मा ०.०३ प्रतिशत बेरुजु थियो तर दोस्रो वर्ष २०७५/७६ मा ह्वात्तै बढेर २.१८ प्रतिशत पुग्यो । २०७६/७७ मा १.४९ प्रतिशत, २०७७/७८ मा १.०७ प्रतिशत, २०७८/७९ मा १.०२ प्रतिशत, २०७९/८० मा १.६५ प्रतिशत बेरुजु थियो ।

सात प्रदेशमा गण्डकी बेरुजुको हिसाबले पाचौं प्रदेशमा परेको छ । सात प्रदेशमा सबैभन्दा कम बेरुजु गर्ने बागमती ०.८३ प्रतिशत, कोसीको १.१२ प्रतिशत, लुम्बिनीको १.२७ प्रतिशत छ भने मधेस प्रदेश ३.७७ प्रतिशतसहित सबैभन्दा धेरै बेरुजु गर्ने प्रदेशका रूपमा दरिएको छ ।

बाँकी पृष्ठ २

# ५५-३० मा अर्थको सहमति

भुवन शर्मा

*काठमाडौं, साउन २७*

आठ वर्षयता विभिन्न कारणले अड्किएको संघीय निजामती सेवा ऐनको मस्यौदा ५५-३० को प्रावधान राखेर टुंगो लगाइँदै छ । अर्थ मन्त्रालयले दोहोर्‍याएर ५५-३० को प्रावधानलाई सहमति दिएको छ । यो भनेको ५५ वर्ष उमेर पुगेका वा ३० वर्ष सेवाधि पूरा गरेका कर्मचारीलाई अनिवार्य अवकाशमा पठाउने प्रस्ताव हो । यतिबेला निजामती विधेयकमा ५५-३० प्रावधान सबैभन्दा चर्चित विषय हो । ५५-३० को प्रावधान लागु हुन्छ कि हुन्न भन्ने विषय अहिले निजामती क्षेत्रमा मात्र नभई अन्य क्षेत्रमा पनि चर्चा र बहसको विषय बनेको छ ।

भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव मदन भुजेलले बुधबार ५५-३० को प्रावधानलाई अर्थ मन्त्रालयले दोहोर्‍याएर सहमति दिएको बताए । ‘अब यो मस्यौदा फेरि कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा र त्यसपछि लोकसेवा आयोगमा जाने छ,’ भुजेलले भने । उनका अनुसार लोकसेवाको सहमतिपछि सरकारले उक्त मस्यौदा संसद्मा लाने छ । ‘अर्थ मन्त्रालयले ५५-३० प्रावधानलाई दोहोर्‍याएर सहमति दिएपछि यो विषयमा अब करिबकरिब टुंगो लागेजस्तो देखिएको छ,’ संघीय मामिला मन्त्रालयका एक उच्च कर्मचारीले भने ।

> अर्थ मन्त्रालयले दोहोर्‍याएर ५५-३० को प्रावधानलाई सहमति दिएको छ । यो भनेको निजामती सेवामा ५५ वर्ष उमेर पुगेका वा ३० वर्ष सेवाधि पूरा गरेका कर्मचारीलाई अनिवार्य अवकाशमा पठाउने हो ।

५५-३० को प्रावधान लागु हुनेबित्तिकै तत्कालै १३ हजारभन्दा बढी कर्मचारी अनिवार्य अवकाशमा जाने छन् । त्यतिबेला २५ अर्बभन्दा बढी राज्यको व्ययभार बढ्ने छ । कानुन मन्त्रालयले उक्त मस्यौदा ७२ दिन होल्डमा राखेर भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमै गत सोमबार फर्काएको थियो । बुधबार अर्थले त्यसमा दोहोर्‍याएर सहमति दिएको छ । उक्त विधेयक अर्थमा पुगेको यो दोस्रो पटक हो ।

यसअघि गत वैशाखको अन्तिम साता उक्त विधेयक संघीयबाट अर्थमा पुगेको थियो । त्यतिबेला अर्थले एक सातामै विधेयकमा सैद्धान्तिक सहमति दिएको थियो ।

बाँकी पृष्ठ २

# अर्को मुद्दामा पनि दीपक र शुलभ पुर्पक्ष थुनामा



दीपक भट्ट



शुलभ अग्रवाल

मधुजंग पाण्डे

*काठमाडौं, साउन २७*

सम्पत्ति शुद्धीकरणसम्बन्धी अर्को मुद्दामा विशेष अदालतले व्यवसायी दीपक भट्ट र शुलभ अग्रवाललाई पुर्पक्ष थुनामा पठाउन आदेश दिएको छ । विशेष अदालतका अध्यक्ष वासुदेव आचार्य र सदस्य हेमन्त रावलको इजलासले बुधबार भट्ट र अग्रवाललाई पुर्पक्ष थुनामा राख्न आदेश दिएको हो ।

उनीहरू धितोपत्र कारोबार तथा सम्पत्ति शुद्धीकरणसम्बन्धी अघिल्लो मुद्दामा पुर्पक्ष थुनामै छन् । यसअघि असार ३ गते विशेष अदालतले उनीहरूलाई थुनामा पठाउन आदेश दिएको थियो । सम्पत्ति शुद्धीकरणको पहिलो मुद्दामा थुनामा रहेका उनीहरूलाई बुधबार अर्को मुद्दामा विशेष अदालतमा उपस्थित गराइएको थियो । दुवै जनाको बयान र थुनछेक बहसपछि विशेषले थुनामा पठाउने आदेश गरेको हो ।

पूर्वअर्थमन्त्री विष्णुप्रसाद पौडेललाई प्रतिवादी बनाइएको सम्पत्ति शुद्धीकरणको दोस्रो मुद्दामा भट्ट र अग्रवालविरुद्ध पनि मुद्दा थियो । विशेषले पौडेललाई साधारण तारेखमा छाड्न आदेश दिएको थियो । सोहीअनुसार उनी तारेखमा छन् । उक्त मुद्दामा भट्टलाई २६ अर्ब ६३ करोड २७ लाख ७१ हजार ५९ रूपैयाँ र अग्रवाललाई २५ अर्ब ५९ करोड २० लाख ६ हजार १२४ रूपैयाँ बिगो कायम गरिएको विशेष अदालतका प्रवक्ता कृष्णशरण लामिछानेले जानकारी दिए ।

यसअघि पनि भट्ट र अग्रवालमाथि सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) ले अनुसन्धान गरेको थियो । अनुसन्धानपछि उनीहरूविरूद्ध विशेष अदालत, उच्च अदालत, जिल्ला अदालतमा छुट्टाछुट्टै मुद्दा दायर गरिएको थियो । बिमा ऐनसम्बन्धी कसुर, बैंकिङ कसुर र सम्पत्ति शुद्धीकरण निवारण ऐनअन्तर्गत कसुर गरेको आरोप उनीहरूमाथि छ । उनीहरूविरुद्ध धितोपत्र र विदेशी विनिमय ऐनसम्बन्धी कसुरमा पनि मुद्दा छ । भट्ट इन्फिनिटी होल्डिङसका अध्यक्ष हुन् ।

सम्पत्ति शुद्धीकरण विभागले २०८१ चैत १९ गते भट्टलाई पक्राउ गरी अनुसन्धान अघि बढाएको थियो । बैंकिङ कसुरअन्तर्गत ४२ करोड १४ लाख ८८ हजार ८०७ रुपैयाँ बिगो कायम गर्दै दायर भएको उक्त मुद्दामा भट्टलाई असार ५ मा उच्च अदालत पाटनले पुर्पक्षका लागि थुनामा पठाउन आदेश गरेको थियो ।

बाँकी पृष्ठ २

# फल्चाबाट सांस्कृतिक पुनर्जागरण प्रयास

कृष्ण किसी

*काठमाडौं, साउन २७*

काठमाडौं महानगरपालिकाले हराउँदै गएको फल्चा संस्कृतिलाई पुनर्जीवन दिन थालेको छ । महानगरको फल्चा पुनर्जीवन अभियानसँगै अहिले ठाउँठाउँमा देखिन थालेका छन्- फल्चा । बस बिसौनीलाई पनि नेवारी सभ्यता झल्किने फल्चामा रूपान्तरण गर्दै महानगरपालिकाले सार्वजनिक पूर्वाधार र सांस्कृतिक सम्पदा संरक्षणलाई एकैसाथ अघि बढाइरहेको छ ।

महानगरपालिकाले आर्थिक वर्ष २०७९/८० देखि बस बिसौनीलाई पनि परम्परागत नेवारी शैलीका फल्चामा रूपान्तरण गर्ने योजना अघि सारेसँगै अहिलेसम्म विभिन्न ठाउँमा गरी ६४ वटा फल्चा निर्माण भइसकेको जनाइएको छ । महानगरपालिकाका अनुसार दर्जन स्थानमा फल्चा निर्माण भइरहेको छ ।



फल्चाहरूले महानगरपालिकामा आकर्षण पनि थपेका छन् । किनकि फल्चाहरूमा इटा, काठ, झिँगटीको प्रयोग गरिएको छ । ती परम्परागत नेवारी बुट्टाले सजिएका छन् । यी संरचनाले यात्रुलाई घाम-पानीबाट जोगाउने मात्र होइन, काठमाडौंको मौलिक पहिचान पनि झल्काएका छन् ।

काठमाडौं महानगरपालिका सम्पदा तथा पर्यटन समितिका अनुसार महानगरपालिकाले आर्थिक वर्ष २०७९/८० देखि बस बिसौनीलाई परम्परागत शैलीका फल्चामा रूपान्तरण गर्ने योजना ल्याएको हो । महानगरपालिकाका अनुसार कलंकीमा तीन वटा, बबरमहलमा एउटा, बानेश्वरमा दुइटा, निजामती अस्पताल क्षेत्रमा दुइटा, तीनकुनेमा दुइटा, कोटेश्वरमा तीन वटा, बालकुमारीमा एउटा, सिनामंगलमा एउटा, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल क्षेत्रमा एउटा, चाबहिलमा तीन वटा, बसुन्धरामा एउटा, विशालनगरमा एउटा, बालुवाटारमा एउटा, रत्नपार्कमा एउटा, राष्ट्रिय सभागृहमा एउटा, नेपाल वायुसेवा निगमअगाडि दुइटा फल्चा निर्माण गरिएका छन् । यसैगरी अन्य स्थानमा पनि फल्चा निर्माण गरिएको छ । केही ठाउँमा फल्चा निर्माणाधीन अवस्थामा छन् ।

बाँकी पृष्ठ २

# कोसीमा ६ अर्ब बेरुजु

पृष्ठ १ बाट

भदौ २३ र २४ गतेको जेन्जी आन्दोलनका क्रममा स्रेस्ता पेस गर्न र लेखापरीक्षण गराउन नसकिने कारण देखाई पत्र पेस गरेका कारण २ अर्ब ८८ करोड ९ लाख ५ हजारको लेखापरीक्षण नगरिएको महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख छ।

आव २०८०/८१ मा कोसी प्रदेशका २०१ निकायको ५१ अर्ब ४१ करोड ६९ लाख १५ हजार रुपैयाँ बराबरको लेखापरीक्षण हुँदा ८६ करोड ८१ लाख ८९ हजार रुपैयाँ बेरुजु कायम भएको थियो। त्यस वर्षको बेरुजुमध्ये ११ करोड ३ लाख ६४ हजार असुल गर्नुपर्ने, ६५ करोड ४१ लाख ७६ हजार नियमित गर्नुपर्ने र १० करोड ३६ लाख ४९ हजार रुपैयाँ पेस्की थियो।

आव २०८१/८२ मा प्रदेश सरकारका नौ मन्त्रालयसहित प्रदेश लोकसेवा आयोग, प्रदेश योजना आयोग, मुख्य न्यायाधिवक्ताको कार्यालय र स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणसमेत गरी ४६ अर्ब ५४ करोड १४ लाख २३ हजार रुपैयाँको लेखापरीक्षण गरिएको थियो। यस समूहमा असुल गर्नुपर्ने १४ करोड ६५ लाख १९ हजार, नियमित गर्नुपर्ने ३४ करोड ७८ लाख २४ हजार र पेस्की ३ करोड ३ लाख ३७ हजार रुपैयाँ बेरुजु देखिएको छ। मन्त्रालयगत रूपमा भने बेरुजुको ठुलो हिस्सा तीन मन्त्रालयमा केन्द्रित छ। भौतिक पूर्वाधार मन्त्रालयमा कुल बेरुजुको ५६ प्रतिशतभन्दा बढी बेरुजु देखिएको छ। भौतिक पूर्वाधार मन्त्रालयमा २९ करोड ४४ लाख रुपैयाँ बेरुजु छ। यस्तै खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालयमा २४.१८ प्रतिशत करिब १२ करोड ६९ लाख रुपैयाँ बेरुजु छ। यस्तै पर्यटन मन्त्रालयमा ४ करोड ७३ लाख रुपैयाँ बेरुजु देखिएको छ। अन्य मन्त्रालय तथा निकायमा करिब ५ करोड ६२ लाख रुपैयाँ बेरुजु देखिएको छ। प्रदेश सरकारको विकास बजेटको ठुलो हिस्सा सडक, पुल, भवनलगायत भौतिक पूर्वाधारमा खर्च हुने भएकाले यस क्षेत्रमा बेरुजुको मात्रा उच्च देखिएको छ। अघिल्लो वर्ष पनि भौतिक पूर्वाधार मन्त्रालय र मातहतका कार्यालयमा धेरै बेरुजु देखिएको थियो।

२०८०/८१ सम्म मन्त्रालय तथा मातहतका १२ कार्यालयको असुल गर्नुपर्ने बेरुजु मात्रै ३६ करोड ५१ लाख ७४ हजार ९४० रुपैयाँ थियो। त्यसैगरी खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालयमा मन्त्रालयगत बेरुजुको २४.१८ प्रतिशत छ। विगतको प्रतिवेदनमा पनि यही मन्त्रालयको बेरुजु दर अन्य मन्त्रालयको तुलनामा उच्च देखिएको थियो। आव २०८०/८१ को प्रतिवेदनमा खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालयको बेरुजु दर ३.९२ प्रतिशत थियो। तेस्रो स्थानमा रहेको पर्यटन, वन तथा वातावरण मन्त्रालयको हिस्सा ९.०१ प्रतिशत छ। त्यसबाहेकका मन्त्रालय तथा निकायमा बेरुजुको हिस्सा ४ प्रतिशतभन्दा कम रहेको र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बेरुजु शून्य रहेको महालेखाको प्रतिवेदनले देखाएको छ।

कोसी प्रदेशको आफ्नै बेरुजु फर्स्योट अनुगमनसम्बन्धी प्रतिवेदनले पनि समस्या केवल महालेखाले औंल्याएको रकममा मात्र सीमित नभएको देखाउँछ। प्रदेशका मन्त्रालय तथा मातहतका कार्यालयहरूको अभिलेख र महालेखा परीक्षकको अभिलेखबिच समेत फरक देखिएको, कतिपय कार्यालयमा आन्तरिक लेखापरीक्षण नियमित नभएको तथा बेरुजु फर्स्योटको अनुगमन कमजोर रहेको प्रतिवेदनमा उल्लेख छ। बेरुजु घटाउने विषयमा कोसी प्रदेश सरकारले विगतदेखि नै बेरुजु फर्स्योट अभियान सञ्चालन गर्दै आएको छ।

कोसीका तत्कालिन भौतिक पूर्वाधारमन्त्री भूपेन्द्र राईले पूर्वाधार मन्त्रालयको बेरुजु घटाउन विशेष अभियान नै सञ्चालन गरेका थिए। उनले मातहतका सबै कार्यालयका प्रमुखहरूलाई जसरी पनि बेरुजु घटाउन निर्देशन नै दिएका थिए। उनका पालामा भौतिक पूर्वाधार मन्त्रालय र मातहत कार्यालय बेरुजु घटाउन सफल भएका थिए। तर प्रदेशमा सरकार फेरिइरहने र मन्त्री फेरिएपच्छि पुराना अभियानहरूले निरन्तरता नपाउने गरेका कारण बेरुजु फर्स्योट अभियानहरू प्रभावकारी बन्न नसकेको देखिएको छ। महालेखाको तथ्यांकले देखाएको ठुलो बाँकी बेरुजुले पनि अभियानको गति पर्याप्त नभएको संकेत गर्छ। विशेष गरी भौतिक पूर्वाधार, खानेपानी-सिँचाइ-ऊर्जा र पर्यटन-वन-वातावरण क्षेत्रमा बेरुजु धेरै भएकाले ठेक्का व्यवस्थापन, निर्माण कार्यको भुक्तानी, प्रमाण कागजात, अनियमित खर्च र पेस्की व्यवस्थापनलाई प्राथमिकतामा राख्नुपर्ने देखिन्छ। महालेखा परीक्षकको कार्यालयले पनि आर्थिक कारोबारमा जिम्मेवार पदाधिकारीलाई जवाफदेही बनाउन, आन्तरिक नियन्त्रण र आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउन तथा बेरुजु फर्स्योटको नियमित अनुगमन गर्न सुझाव दिँदै आएको छ।

यता कोसी प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव मिलन आचार्यले 'सकेसम्म बेरुजु नरहोस् भन्ने मनशायले आफूहरूले काम गरिरहेको दाबी गरे। उनले कोसीमा विगतमा जस्तो बेरुजु फर्स्योट अभियान भनेर अभियान हाल नचलाइए पनि बेरुजु नराख्ने, पुरानो बेरुजु फर्स्योट गर्दै लैजाने रणनीति मन्त्रालयले अपनाएको जानकारी दिए। 'महालेखाले दिएको सुझाव कार्यान्वयन गर्दै पुरानो बेरुजुलाई पनि घटाउँदै लैजाने गरी प्रदेशमा काम भइरहेको छ,' आचार्यले भने। उनले महालेखाले औंल्याएका कमजोरीहरूलाई सुधार्दै लैजाने प्रतिबद्धता पनि जनाए। आचार्यले भौतिक पूर्वाधार मन्त्रालयले ठुलो बजेट कार्यान्वयन गर्ने हुँदा बेरुजु नरहोस् भन्ने विषयमा मन्त्रालय गम्भीर हुँदाहुँदै पनि कहीँ न कहीँ बेरुजु देखिने गरेको बताए।

# अर्को मुद्दामा पनि दीपक र शुलभ पुर्पक्ष थुनामा

पृष्ठ १ बाट

यसैगरी सम्पत्ति शुद्धीकरणतर्फ २६ अर्ब ६३ करोड २७ लाख ७१ हजार, ५९ रुपैयाँ बिगो मागददाबीसहित दायर मुद्दामा विशेषले भट्टलाई असार ३ मा पुर्पक्ष थुनामा पठाउन आदेश दिएको थियो।

भट्टसहित दर्जनौं व्यवसायी तथा सेयर ब्रोकरहरू अर्बौं रुपैयाँको शंकास्पद वित्तीय कारोबार, बैंकिङ कसुर, बिमा कसुर र सम्पत्ति शुद्धीकरणको गम्भीर अभियोगमा मुछिएको सिआइबी र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले गरेको संयुक्त अनुसन्धानले देखाएको छ। सोही आधारमा उनीहरूविरुद्ध विभिन्न मुद्दा चलाइएको हो।

भट्टसँग जोडिएका ब्रोकर कम्पनीलाई पनि कारबाही प्रक्रिया सुरु भएको छ। सम्बन्धित ब्रोकरमाथि कारबाही गर्न सम्पत्ति शुद्धीकरण विभागले सेयर बजार नियामक धितोपत्र बोर्ड र बजार सञ्चालक नेपाल स्टक एक्सचेन्जलाई निर्देशन दिएको थियो। सोही क्रममा अहिले छानबिन तथा अनुसन्धान जारी छ।

भट्टले नेपाल पुनर्बिमा कम्पनीलगायतको सेयर खरिद गर्दा आफ्नोबाहेक अन्य खाताबाट रकम भुक्तानी गरेको देखिएपछि अनुसन्धानमा अग्रवाल परिवारसहित दर्जनौं व्यवसायी र कम्पनी तानिएका हुन्। सम्पत्ति शुद्धीकरण विभागका अनुसार ब्रोकर नम्बर ५५ (भृकुटी स्टक ब्रोकर कम्पनी) मार्फत भट्टले सेयर खरिद गरेका थिए। भट्टले सेयर कारोबारका लागि सिद्धार्थ बैंकमा रहेको आफ्नो खाता प्रयोग नगरी अन्यत्रबाट सेयर कारोबारको भुक्तानी भएको पाइएको थियो। भट्टले खरिद गरेको सेयर भुक्तानीका लागि हिमालयन रिइन्स्योरेन्सबाट दुई अर्ब ७३ करोड रुपैयाँ, यसैको सहायक कम्पनी हिमालयन सेक्युरिटिज बैंकरबाट २२ करोड १९ लाख रूपैयाँ, नेपाल माइक्रो इन्स्योरेन्सबाट १६ करोड १७ लाख रूपैयाँ प्रयोग गरेको अनुसन्धानले देखाएको छ। भट्टले हिल्टन होटलको किमासमेत आफ्नो लगानीको अर्को कम्पनी हिमालयन रिइन्स्योरेन्समा सार्न चलखेल गरेको आरोप छ।


NEPAL RURAL AGRICULTURE CO. LTD.

NEPAL RURAL AGRICULTURE COMPANY LTD.

Committed to Agriculture, Committed to Nepal




WE ARE HIRING!

JOIN OUR GROWING TEAM

Nepal Rural Agriculture Company Ltd. is a dynamic, energetic and farmer-focused organization dedicated to empowering farmers and advancing agriculture in Nepal.

Be a part of our mission and grow with us!

Grow with us, Build the future of agriculture!

7 VACANCIES | 5 LOCATIONS

VACANCIES & LOCATIONS

| S.N. | POSITION | NO. OF POSITIONS | LOCATION |
|---|---|---|---|
| 1 | Field Sales Staff | 5 | Kathmandu – 2, Hetauda – 1, Itahari – 1, Pokhara – 1, Kohalpur – 1 |
| 2 | Technical Assistant | 1 | Kathmandu Office (Head Office) |
| 3 | Reception / Jr. Assistant | 1 | Kathmandu Office (Head Office) |

Note 1: Bike and extensive field travel are required only for Field Sales Staff positions. All other positions are office-based.

Note 2: The position of staff (Junior Assistant/Assistant/Supervisor/Junior Officer) will be determined based on candidate's experience, expertise and by mutual agreement.

WHAT WE OFFER
- Competitive salary with performance incentives
- Travel and field allowances (for field positions only)
- Career growth opportunities
- Professional training & development
- Supportive and dynamic work environment

REQUIREMENTS
- B.Sc. Agriculture or I.Sc. Agriculture (relevant for technical positions)
- Valid Motorcycle Driving License (for Field Sales Staff only)
- Excellent Communication Skills
- Willingness to travel extensively within the assigned territory (for Field Sales Staff)
- Basic Computer Knowledge (MS Office, Excel, Email & Reporting)
- Age: 18 – 45 years

For Reception / Jr. Assistant: Plus Two (10+2) or equivalent level passed in ANY SUBJECT.

Note: Candidates with relevant field experience will be considered even if they do not have a B.Sc. or I.Sc. Agriculture.

KEY RESPONSIBILITIES
1. Field Sales Staff:
   - Promote and market agricultural products and services, achieve sales targets and maintain relationships with farmers, dealers & stakeholders.
2. Technical Assistant:
   - Provide technical support and assist in documentation, reporting and coordination.
3. Reception / Jr. Assistant:
   - Handle front desk, calls, visitor management and general administrative support.

WHO CAN APPLY?

Enthusiastic, self-motivated and result-oriented individuals with good communication skills and willingness to learn and grow.

Freshers and experienced candidates are encouraged to apply.

Note: Candidates with relevant field experience will be considered even if they do not have a B.Sc. or I.Sc. Agriculture.

EMPLOYMENT TYPE: Full-time | PROBATION PERIOD: 6 Months | SALARY: Negotiable (As per company policy) | SELECTION PROCESS: Shortlisting • Interview • Final Selection | EQUAL OPPORTUNITY: We are committed to providing equal employment opportunities to all qualified candidates.

HOW TO APPLY
Send your updated CV along with a recent passport-sized photo to: hr.nrac@gmail.com 01-5927519
Include position title in subject line (e.g., Field Sales Staff – Itahari)

APPLICATION DEADLINE: Till August 27, 2026

Nationwide Presence 77 Districts Covered | Farmer Focused | Strong Field Network | Quality Products & Services | Sustainable Agriculture


# किसानको हैसियत उकास्दै 'कालो सुन'

पृष्ठ १ बाट

उनका बाबुबाजेले पनि अलैंची खेती गर्दै आएका थिए। उनले भने यसलाई व्यवसाय बनाएका छन्। अलैंची खेतीबाट उनले वर्षमा कम्तीमा १५ लाख रुपैयाँ आम्दानी हुने बताए। उनले वर्षमा कम्तीमा १५ मन अलैंची उत्पादन गर्छन्। 'अलैंची खेती गर्न सारै सजिलो छ,' उनले भने, 'टाइमटाइम सिँचाइं गरेर गोडमेल गरेपछि अन्तिममा टिप्नुपर्छ।' अलैंची खेतीमा लगभग ६ महिना सिँचाइ र दुईपटक गोडमेल गर्नुपर्छ। उनले भने, 'वैदशिक रोजगारीमा जानुभन्दा आफ्नै घरमा बसेर पैसा कमाउन पाउँदा खुसी छु, सन्तुष्ट छु।' उनले मूल्य बढ्दै गए खेती बढाउने उनको योजना छ।

उनका अनुसार अघिल्लो वर्ष अलैंचीको मूल्य उच्च थियो। २०७१ सालमा अलैंचीको मूल्य प्रतिमन एक लाख रुपैयाँसम्म पुगेको थियो। त्यसपछिका वर्षमा अलैंचीको मूल्य ओरालो लागेको थियो। अघिल्लो वर्षबाट फेरि मूल्य उकालो लागेको छ।

देवराजका अनुसार ताप्लेजुङ्मा अलैंची खेती विस्तारसँगै उत्पादन पनि बढ्दै गएको छ। उत्पादन बढी हुँदा मूल्यमा गिरावट आउन सक्ने खतरा हुने उनी बताउँछन्। नेपालमा उत्पादन हुने अलैंचीमा ४० प्रतिशत हिस्सा ताप्लेजुङको छ। नेपाल अलैंची व्यवसायी महासंघ जिल्ला शाखा ताप्लेजुङ्का अध्यक्ष भद्रवीर रेग्मीका अनुसार ताप्लेजुङ्मा मात्रै वार्षिक चार हजार मन अलैंची उत्पादन हुन्छ। जिल्लाका नौंवटा गाउँपालिका र एक नगरपालिकामध्ये फक्ताङलुङ-७ को ओलाङचुङगोलाबाहेक अन्य सबै स्थानमा अलैंची खेती गरिन्छ।

प्रदेशगत आधारमा अलैंची उत्पादनमा कोसी अगाडि छ। कोसीमा पनि अलैंची उत्पादनमा ताप्लेजुङपछि संखुवासभा, इलाम, पाँचथर र खोटाङ अगाडि आउँछन्। भोजपुर सिलीचुङकी रामविष्णु राईको परिवारले संखुवासभा अलैंची खेती गर्छ। उनको परिवारले झण्डै वार्षिक पाँच मन अलैंची उत्पादन गर्छ। यही अलैंचीले परिवारको खर्च टार्ने गरेको रामविष्णुले बताइन्। 'पुराना बोटले फल राम्रो दिन छाडेपछि नयाँ विरुवा पनि थपिरहेकी छु,' रामविष्णले भनिन्, 'यस वर्ष छोराले चार हजार नयाँ विरुवा थपेका छन्। अब केही वर्षभित्र अलैंची उत्पादन बढने छ।'

तेह्रथुमको लालीगुराँस नगरपालिका-४ की रेनुका पौडेलले पनि १५ रोपनीमा अलैंची खेती गरेकी छन्। उनका अनुसार राम्रो फलेमा आठ मनसम्म अलैंची उत्पादन हुन्छ। तर पछिल्लो समय अलैंचीमा गानो कुहिने र बोट मर्ने रोगले गर्दा अपेक्षाकृत आम्दानी नभएको उनले बताइन्। 'रोग नलागे त राम्रो आम्दानी हुन्छ,' उनले भनिन्। उनी एक्लै खेती गर्छिन्। अलैचीबाट वार्षिक कम्तीमा आठ लाख रुपैयाँसम्म कमाउनु सामान्य होइन्। उनका पति तिलबहादुर पौडेल वैदेशिक रोजगारीका लागि मलेसिया आउजाउ गर्छन्। रेनुकाले अलैंचीबाट हुने आम्दानीले छोराछारीलाई राम्रोसँग पढाइरहेकी छन् भने पतिले कमाएको पैसा बचाउँदै आएकी छन्। 'दुःख गरेअनुसार आम्दानी छ,' उनले भनिन्, 'खानालगाउन अप्ठेरो छैन

पूर्वी पहाडी जिल्लामा सामान्य ढंगले अलैंची लगाउँदै आएका किसान अहिले व्यावसायिक खेतीमा रमाउन थालेका छन्। भोजपुर आमचोक गाउँपालिका-२ का मचिन्द्र खड्काले केही वर्षदेखि वार्षिक पाँच मनभन्दा बढी अलैंची उत्पादन गर्दै आएका छन्। उनले बारीमा थप चार हजार नयाँ बिरुवा लगाएका छन्। नयाँ विरुवाले उत्पादन दिन थालेपछि राम्रै आम्दानी हुने उनको आशा छ।

किसानले पाँच प्रजातिको अलैंची लगाउँदै आएका छन्। अलैंची विकास केन्द्र इलामका अनुसार रामसाई, भालाँङ, गोलसाई, जिर्मले र डम्बरसाई प्रजातिको अलैंची किसानले लगाउँदै आएका छन्। यी सबै प्रजातिको आआफ्नै विशेषता भएको अलैंची विकास केन्द्रका प्रमुख राजु ढकाल बताउँछन्। डम्बरसाई र जिर्मले ६०० मिटर उचाइदेखि एक हजार २०० मिटर उचाइसम्म हुन्छ। डम्बरसाईको खेती विशेषगरी, भोजपुरमा बढी हुन्छ। यसलाई पानी बढी चाहिन्छ भने छाया पनि बढी नै चाहिन्छ। जिर्मलेलाई छाया त्यति धेरै चाहिँदैन। यो गर्मी क्षेत्रतिर हुन्छ र उत्पादन पनि राम्रो हुन्छ। बोक्रा पातलो र उत्पादन बढी हुने भएकाले जिर्मलेबाट किसानले राम्रो मूल्य पाउँछन्। गोलसाई एक हजार २०० मिटरदेखि एक हजार ६०० मिटर उचाइसम्म हुन्छ। यसको दाना ठुलो हुन्छ। भार्लाङ र रामसाई एक हजार ५०० मिटरदेखि दुई हजार ३०० मिटर उचाइसम्म हुन्छ। भार्लाङको दाना ठुलो र बोट पनि ठुलो नै हुन्छ। रामसाई भने उच्च पहाडी क्षेत्रमा हुन्छ।

अलैंची साउन दोस्रो सातादेखि टिप्न सुरु भइसकेको छ। अहिले अलैंचीको सुरुवाती मूल्य प्रतिमन एक लाख रुपैयाँ हाराहारी छ। यसको बजार भाउ भने फेरबदल भइरहन्छ। किसानले उत्पादन गरेको अलैंची किन्न घरघरमै पुग्ने गरेको संखुवासभा धर्मदेवी-३ का अलैंची व्यापारी केशवकुमार श्रेष्ठले बताए। नेपाल अलैंची व्यवसायी महासंघका निवर्तमान केन्द्रीय अध्यक्ष निर्मल भट्टराईका अनुसार पछिल्लो समय अलैंची खेती कोसी प्रदेशका हिमाली र पहाडी जिल्लाबाहेक पश्चिमका जिल्लामा पनि हुन्छ। उनका अनुसार रोल्पा, नुवाकोट, लम्जुङमा पनि पछिल्लो समय राम्रैसँग अलैंची लगाउन थालिएको छ। मधेमा भने अलैंची हुँदैन्। उनका अनुसार अघिल्लो वर्षभन्दा यस वर्ष अलैंची उत्पादन ३० प्रतिशत बढ्ने अनुमान छ।

समय समयमा रोग र किराको प्रकोपबाट बिरुवामा असर पर्दा किसानले नराम्ररी नोक्सानी पनि भोग्नुपरेको छ। अलैंचीमा छिर्के/फुर्के रोग, जरा/पात कुहिने र ओइलाउने समस्या बढी मात्राम हुन्छ। अलैंचीमा गबारो, लाही , झुसिलकिरा आदिको समस्या पनि हुन्छ। राज्यले अलैंची खेतीलाई सहुलियत प्रदान नगरेको, यसबारे विज्ञ प्राविधिक तयार गर्न चासो नदिएको र सुकाउन आधुनिक भट्टीको अभावमा घामकै भर पर्नुपर्दा निकै कठिनाइ भोग्नुपरेको ताप्लेजुङ्कन किसान कलराम लिम्बूले बताए। अलैंचीको प्रमुख बजार भारत हो। भारतका अतिरिक्त युरोप र अस्ट्रेलियामा पनि अलैंची निर्यात हुज्छ। नेपालबाट उत्पादनको ९४ प्रतिशत अलैंची निर्यात हुन्छ। बाँकी ६ प्रतिशत अलैंची नेपालमै प्रयोग हुन्छ। देशभर उत्पादन भएको अलैंची झापाको किर्तामोडस्थित नेपाल अलैंची व्यवसायी महासंघमार्फत केन्द्रीकृत भएर भारत निर्यात हुन्छ।

नेपालमा अलैंची खेती व्यावसायिक रुपमा सन् १९५३ मा इलामबाट सुरु भएको हो। सन् १९७५ मा सरकारले अलैंची विकास केन्द्र स्थापना गरेपछि यो संस्थागत ढंगले अघि बढेको छ। ५२ जिल्लामा अलैंची खेती हुन्छ। ४२ जिल्लामा भने यसको व्यावसायिक रुपमा खेती हुन्छ।

# ५५–३० मा अर्थको सहमति

पृष्ठ १ बाट

सो सहमतिपछि संघीय मामिला मन्त्रालयले गत जेठ १२ गते उक्त विधेयकमा सहमति लिन कानुन मन्त्रालयमा पठाएको थियो। अध्ययन भइरहेको भन्दै ७२ दिन कानुन मन्त्रालयले उक्त विधेयक रोकेर राखेको थियो। ५५ वर्ष उमेर पुगेका वा ३० वर्ष सेवावधि पूरा गरेका कर्मचारीलाई अनिवार्य अवकाशमा पठाउने प्रस्ताव विधेयकमा राख्ने हो र यही व्यवस्थासहित विधेयक पास हुने हो भने अनिवार्य अवकाशमा पठाइएका कर्मचारीहरू अदालतमा जाने सम्भावना छ। किनभने निजामती सेवा ऐन २०४९ अनुसार निजामती सेवामा भर्ना भएका कर्मचारीहरूले ५८ वर्षसम्म सेवामा रहने गरी सरकारसँग करार सम्झौता गरेका हुन्छन्। त्यसैले सरकारसँग गरिएको सम्झौताविपरित ५५ वर्षमै अनिवार्य अवकाशमा पठाउँदा यो विषय अदालतमा जाने सम्भावना छ।

निजामती सेवा ऐनलाई वर्तमान सरकारले फास्ट ट्र्याकबाट ल्याउने तयारी गरेको छ। गत वर्ष भदौ १७ गते संघीय निजामती सेवा ऐन राष्ट्रियसभाबाट पारित गरी प्रतिनिधिसभामा पठाइएको थियो। तर भदौ २७ गते प्रतिनिधिसभा विघटन भएपछि संघीय निजामती सेवा ऐन शून्य अवस्थामा पुगेको थियो। निजामती सेवा ऐनको मस्यौदा २०७५ सालमै तयार गरिएको थियो। त्यतिबेलादेखि हालसम्म यो विधेयक ल्याउन पटक पटक प्रयास गरिएको थियो।

विधेयकमा पटकपटक नयाँनयाँ विषय राख्ने र पुरानो विषय हटाउने काम भइरहेको छ तर विभिन्न कारणले विधेयक आउन सकेको छैन। संघीय निजामती सेवा ऐन नआउँदा २०४९ सालमा ल्याइएको निजामती सेवा ऐनबाट हाल प्रशासन सेवा चलाइएको छ। त्यतिबेला उक्त कानुन बनाउँदा देश संघीयतामा गइसकेको थिएन। केन्द्रीकृत शासन प्रणालीको अवधारणाअनुसार २०४९ सालमा निजामती सेवा ऐन ल्याइएको थियो। देश संघीयतामा गइसकेपछि संघ, प्रदेश र स्थानीय सरकारको अवधारणाअनुसार निजामती कानुन नबन्दा कर्मचारी खटनपटन तथा व्यवस्थापनमा कठिनाइ हुँदै आएको छ।

# गण्डकीमा तीन अर्ब बेरुजु

पृष्ठ १ बाट

त्यसपछि कर्णालीको २.०८ र सुदूरपश्चिमको १.५३ प्रतिशत बेरुजु दर छ। प्रतिवेदनमा महालेखाले खर्च गर्ने क्षमता बढाउन तथा बेरुजु घटाउन गण्डकी सरकारलाई निर्देशन दिएको छ। साथै सवारीसाधन कर र अन्य विभाज्य कोषबाट प्राप्त हुनुपर्ने रकम बाँडफाँटमा अझै सुधार गर्नुपर्ने औंल्याएको छ। महालेखा परीक्षकले कुल बेरुजु ३८ अर्ब १६ करोड ६५ लाख पुग्दा यसले संघीयता कार्यान्वयनका क्रममा वित्तीय उत्तरदायित्वमा गम्भीर चुनौती थपिएको प्रतिवेदन बुझाएको छ।

# फल्चाबाट सांस्कृतिक पुनर्जागरण प्रयास

पृष्ठ १ बाट

काठमाडौं महानगरपालिकाका प्रवक्ता नवीन मानन्धर फल्चाको परम्परागत स्वरूपमा आवश्यकताका आधारमा आधुनिकताको पनि संयोजन गरिएको बताउँछन्। जात्रा र सांस्कृतिक गतिविधिका लागि पनि छुट्टै फल्चा तथा डबली निर्माण गरिएको उनी सुनाउँछन्। १९९० सालको महाभूकम्पपछि हराउन थालेका थिए ऐतिहासिक फल्चा। उक्त भूकम्पले काठमाडौं उपत्यकाका धेरै फल्चा ध्वस्त भएका थिए। भूकम्पले जोगिएका फल्चा पनि सडक विस्तार, निजी संरचना निर्माण र सहरीकरणका कारण हराए। यही क्रममा जयवागेश्वरी नवाली टोलको ऐतिहासिक 'ग्वलः दे फल्चा' पनि हरायो। अहिले काठमाडौं महानगरपालिका-८ ले पुराना अभिलेख र स्थानीयको स्मृतिका आधारमा त्यसको पुनरुत्थान गरेको छ।

काठमाडौं महानगरपालिकाको फल्चा पुनर्जीवन नीतिप्रति खुसी व्यक्त गर्छन् बुढापाका। 'कुनै समय काठमाडौंका पुराना बस्तीका टोलटोलमा फल्चा थिए तर समयक्रमसँगैको बेवास्ताले ती मासिँदै गए', ज्येष्ठ नागरिक रामवीर डंगोल भन्छन्। उनका अनुसार फल्चा बिहान-बेलुका ज्येष्ठ नागरिक गफिने, यात्रु विश्राम गर्ने, दाफा भजन गुन्जिने, जात्रा तयारी हुने र सामाजिक छलफल चल्ने साझा चौतारी हुन्। सडक विस्तार, सहरीकरण र भूकम्पका कारण पुराना र मौलिक सम्पदाका रुपमा रहेका फल्चा मासिँदै गएको उनको भनाइ छ। अहिले काठमाडौं महानगरपालिकाले नयाँ स्वरूपमा फल्चालाई पुनर्जीवन दिन लागेकोमा उनी खुसी छन्। फल्चा फेरि काठमाडौं महानगरपालिकाको परिचय बन्दै गएको उनी बताउँछन्। काठमाडौंको पहिचान दरबार, मन्दिर र स्तुप मात्र नभई टोलटोलमा बनेका फल्चा

> इतिहासकार तथा पुरातत्वविद्का अनुसार फल्चा संस्कृति लिच्छविकालदेखि सुरु भएको मानिन्छ। विभिन्न समयका भूकम्प, सहरीकरणसँगै धेरै फल्चा जीर्ण बने, भत्किए, अतिक्रमणमा परे।

पनि भएको उनको ठम्याइँ छ। आधुनिक सहर विस्तारसँगै हराउँदै गएका परम्परागत र मौलिक सम्पदा फल्चालाई पुनर्जीवन दिन थालेकोमा उनले महानगरलाई भने- धन्यवाद।

विशेषज्ञहरूका अनुसार फल्चाले काठमाडौंको मौलिक पहिचान झल्काउँछ, सार्वजनिक विश्रामस्थल उपउँछ, वृद्धवृद्धा तथा यात्रुलाई सहजता दिन्छ, सामाजिक सम्बन्ध मजबुत बनाउँछ, सांस्कृतिक पर्यटन प्रवर्द्धनमा सहयोग पुऱ्याउँछ, आधुनिक बस बिसौनीलाई परम्परागत स्थानीइ पहिचानसँग जोड्छ। काठमाडौं महानगरपालिका सम्पदा तथा पर्यटन समितिकी प्रमुख कुमारी राईका अनुसार एउटा फल्चा निर्माणमा स्थान, डिजाइन र प्रयोग हुने काठका आधारमा करिब ३० देखि ३५ लाख रुपैयाँसम्म खर्च हुन्छ। ठुलो, सानो र क्षेत्रफलका आधारमा खर्चमा घटीबढी हुन सक्छ।

**फल्चा सभ्यता र इतिहास**

फल्चाको इतिहास काठमाडौं उपत्यकाको सभ्यता जत्तिकै पुरानो मानिन्छ। इतिहासविद्हरूका अनुसार फल्चा संस्कृति लिच्छविकालदेखि सुरु भएको मानिन्छ। र, मल्लकालमा काठमाडौं, ललितपुर र भक्तपुरमा सयौं फल्चा निर्माण गरिएका थिए। टोलमा कम्ती एउटा फल्चा बनाइन्थ्यो। १९९० सालको भूकम्प र त्यसपछिको सहरी विस्तारसँगै धेरै फल्चा भत्किए, हराए। २०७२ सालको भूकम्पले पुराना फल्चामा क्षति पुऱ्यायो।

इतिहासकारहरूका अनुसार लिच्छविकालदेखि सुरु भएको फल्चा संस्कृतिको मल्लकालमा व्यापक विकास भयो। काठमाडौं, भक्तपुर र ललितपुरका अधिकांश टोलमा यात्रु र स्थानीय समुदायका लागि फल्चा बनाइन्थ्यो। फल्चा विश्रामस्थल मात्र नभई समुदायलाई जोड्ने साझा कडी थिए। फल्चामा दाफा भजन हुन्थ्यो, जात्राको तयारी गरिन्थ्यो, सामाजिक गरिन्थ्यो। यस्ता गतिविधिले सामाजिक सम्बन्धलाई मजबुत बनाउँथे।

**फल्चाको महत्त्व**

सहरी योजनाविद् र सम्पदा संरक्षणकर्मीका अनुसार फल्चाले केवल यात्रुलाई विश्राम दिने काम गर्दैन। यसले सहरको सांस्कृतिक पहिचान दिन्छ, सामूहिक भावना झल्काउँछ, सहरको आकर्षणसँगै पर्यटक बढाउँछ। अहिले कंक्रिटका अग्ला भवनबिच कतैकतै परम्परागत फल्चा देख्दा काठमाडौंको ऐतिहासिक सभ्यता अझै जीवित रहेको अनुभूति हुन्छ। त्यसैले महानगरको फल्चा निर्माण, पुनर्निर्माण अभियानलाई सांस्कृतिक पुनर्जागरणको प्रयासका रूपमा पनि हेरिएको छ।

सहरीकरणका नाममा हराउँदै गएको मौलिक पहिचान फल्चालाई जोगाउने प्रयास सफल भयो भने काठमाडौं उपत्यका फेरि पुरानो सांस्कृतिक स्वरूपसँग जोडिन सक्छ। फल्चा इटा र काठले बनेको संरचना मात्र होइन, काठमाडौंको सामुदायिक जीवन, संस्कृति र सभ्यताको जीवित इतिहास पनि हो। काठमाडौं महानगरपालिकाले परम्परागत नेवारी वास्तुकलामा आधारित फल्चा निर्माण तथा पुनर्निर्माणमार्फत पुरानो सांस्कृतिक सम्पदा संरक्षणमा जुट्नु गौरवको विषय भएको बुढापाका बताउँछन्।

**फल्चा अर्थात् पाटी**

नेपाल भाषामा फल्चाको अर्थ परम्परागत सार्वजनिक विश्रामस्थल हुन्छ। यसलाई पाटी वा चौतारीसँग मिल्दोजुल्दो संरचना मानिन्छ। यात्रु तथा बटुवालाई विश्राम दिन, पानी, घाम वा वर्षाबाट ओत लाग्न, गाउँ-टोलका बैठक स्थल, दाफा भजन र सांस्कृतिक गतिविधि गर्न, धार्मिक पर्व र जात्रा तयारी बैठक गर्न, स्थानीय विवाद समाधान तथा सामाजिक छलफल गर्न यसको प्रयोग गरिन्छ।


## काठ/दाउरा बोलपत्रद्वारा लिलाम विक्रीको सूचना

पहिलो पटक प्रकाशन मिति २०८३/०४/२८

यस जनप्रिय सामुदायिक वन उपभोक्ता समुह बारबर्दिया न. पा. ०३, रामपुर, बर्दियाको सामुदायिक वन क्षेत्रबाट आ.व. २०८२/०८३ मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको विभिन्न जात र ग्रेडको गोलिया थान ४८२ को ३८७२।४५ घ.फि. ,काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठ/दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरि संचालनमा रहेको उद्योगहरुले यो सुचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरि २२ औं दिनको १२:००बजे भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धि बिस्तृत जानकारीको लागी यस समुहमा सम्पर्क राख्नु हुन जानकारी गराईन्छ। पूर्ण व्यहोराको सुचना यस समुहको सुचना पाटीमा टाँस गरिएको छ।

**श्री जनप्रिय सामुदायिक वन उपभोक्ता समुह,**
बारबर्दिया न.पा. ०३रामपुर, बर्दिया।
मो.नं. ९८६६७७४१८७

## काठ/दाउरा बोलपत्रद्वारा लिलाम विक्रीको सूचना

पहिलो पटक प्रकाशन मिति २०८३/०४/२८

यस रामबजार महिला सामुदायिक वन उपभोक्ता समुह गुलरिया न. पा. ०४, बर्दियाको सामुदायिक वन क्षेत्रबाट आ.व. २०८२/०८३ मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको विभिन्न जात र ग्रेडको गोलिया थान १२२ को २८६।८९ घ.फि. ,काठ तथा दाउरा ०।१५ चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठ/दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरि संचालनमा रहेको उद्योगहरुले यो सुचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरि २२ औं दिनको १२:०० बजे भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धि बिस्तृत जानकारीको लागी यस समुहमा सम्पर्क राख्नु हुन जानकारी गराईन्छ। पूर्ण व्यहोराको सुचना यस समुहको सुचना पाटीमा टाँस गरिएको छ।

**श्री रामबजार महिला सामुदायिक वन उपभोक्ता समुह,**
गुलरिया न.पा. ०४ बर्दिया।
मो.नं. ९८६८२३९६९६

## काठ/दाउरा बोलपत्रद्वारा लिलाम विक्रीको सूचना

पहिलो पटक प्रकाशन मिति २०८३/०४/२८

यस जमुनाफाँटा महिला सामुदायिक वन उपभोक्ता समुह बारबर्दिया न. पा. ०६, गुलरा, बर्दियाको सामुदायिक वन क्षेत्रबाट आ.व. २०८२/०८३ मा उत्पादन भई घाट गद्दीमा मौज्दात रहेको विभिन्न जातको गोलिया थान ४४७ को ११९५।२७ घ.फि. काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठ/दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरि संचालनमा रहेको उद्योगहरुले यो सुचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरि २२ औं दिनको १२:००बजे भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धि बिस्तृत जानकारीको लागी यस समुहमा सम्पर्क राख्नु हुन जानकारी गराईन्छ। पूर्ण व्यहोराको सुचना यस समुहको सुचना पाटीमा टाँस गरिएको छ।

**श्री जमुनाफाँटा महिला सामुदायिक वन उपभोक्ता समुह,**
बारबर्दिया न.पा. ०६ गुलरा, बर्दिया।
मो.नं. ९८१३५४८६५२

## काठ/दाउरा बोलपत्रद्वारा लिलाम विक्रीको सूचना

पहिलो पटक प्रकाशन मिति २०८३/०४/२८

यस रामबाग सामुदायिक वन उपभोक्ता समुह गुलरिया न. पा. ०५,सुहेलुवा, बर्दियाको सामुदायिक वन क्षेत्रबाट आ.व. २०८२/०८३ मा उत्पादन भई घाटगद्दीमा मौज्दात रहेको विभिन्न जात र ग्रेडको गोलिया थान ४८४ को १२८३।६२ घ.फि., काठ तथा दाउरा १।५ चट्टाजे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरि लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठ/दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरि संचालनमा रहेको उद्योगहरुले यो सुचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरि २२ औं दिनको १२:०० बजे भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धि बिस्तृत जानकारीको लागी यस समुहमा सम्पर्क राख्नु हुन जानकारी गराईन्छ। पूर्ण व्यहोराको सुचना यस समुहको सुचना पाटीमा टाँस गरिएको छ।

**श्री रामबाग सामुदायिक वन उपभोक्ता समुह,**
गुलरिया न.पा. ०५ सुहेलवा, बर्दिया।
मो.नं. ९८४८१५११७१


## साढे १२...

'अहिले अलैंचीको मूल्य पारदर्शी छ, बिर्तामोडको मूल्य मोबाइल एसएमएसमा जसले पनि थाहा पाउने अवस्था छ', संघका अध्यक्ष दीपक नेपालले भने, 'त्यसैले किसानले पनि अलैंचीको राम्रो मूल्य पाएका हुन्।' अघिल्लो आर्थिक वर्ष इलाममा औसतमा प्रतिमन (४० किलो) अलैंची ७० देखि ८० हजार रुपैयाँमा बिक्री भएकोमा गत आव २०८२/८३ मा एक लाख ६ हजार रुपैयाँसम्ममा बिक्री भएको थियो। किसानले अन्य बाली मासेर पनि अलैंची लगाउन थालेपछि उत्पादन बढ्दो क्रममा छ। नेपालमा भार्लाङ, रामसाई, चिवे, गोलसाई, जिर्मलेलगायत जातको अलैंची खेती हुन्छ। इलामका केही किसानले लाखौं रुपैयाँबराबरका अलैंची बिरुवासमेत बेचेका छन्। धेरै जिल्लामा इलामबाट अलैंचीका बिरुवा लगिएको छ।

# बालबालिकालाई कमैया-कमलरी राख्न नपाउने विधेयक संसद्मा

ईश्वरी सुवेदी
*काठमाडौं, साउन २७*

बालबालिकालाई कमैया श्रमिक वा कमलरीका रूपमा राख्न नपाइने भनी स्पष्ट कानुनी प्रतिबन्ध लगाउने गरी विधेयक संसद्मा दर्ता भएको छ। सरकारले संघीय संसद्को प्रतिनिधिसभामा दर्ता गरेको बालबालिकासम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयकमा नयाँ व्यवस्थाका रूपमा बालबालिकालाई कमैया श्रमिक वा कमलरीका रूपमा राख्न नपाइने विषय राखेको छ।

कमलरी प्रथा १३ वर्ष पहिल्यै र कमैया प्रथा २५ वर्ष पुगिसकेको अवस्थामा बालबालिकाका विषयमा कानुन अहिलेसम्म बनाइएको थिएन।

महिला बालबालिका लैंगिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षामन्त्री सीता बादीले पेस गराएको 'बालबालिकासम्बन्धी (पहिलो संशोधन) विधेयक २०८३' मा ऐनको दफा ६६ मा कमैया श्रम वा कमलरीका रूपमा बालबालिका राख्ने कार्यलाई प्रत्यक्ष कसुर कायम गरी तीन महिनासम्म कैद र एक लाख रुपैयाँसम्म जरिवानाको सजाय तोकिएको छ।

इतिहास हेर्दा कमैया प्रथा (बयस्क बँधुवा मजदुरी प्रथा) तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारले २०५७ साउन २ गते मुक्तिको घोषणा गरेको थियो, जुन कैलाली, कञ्चनपुर, दाङ, बाँके, बर्दिया, सुर्खेतलगायतका जिल्लामा प्रचलित थियो। यसपछि कमैया श्रम (निषेध) ऐन २०५८ जारी भयो। साना बालिकालाई घरेलु बँधुवा कामदारका रूपमा राख्ने कमलरी प्रथाको हकमा भने २०७० असार १३ गते सरकारले औपचारिक मुक्ति घोषणा गरेको थियो। घोषणा भएको वर्षौंपछि पनि व्यवहारमा प्रथा पूर्णरूपमा हराएको छैन। कैलालीमा मात्रै भएको एउटा सर्वेक्षणमा घोषणाको करिब पाँच वर्षपछि पनि जिल्लाभरि २८ जना बालिका विभिन्न ठाउँमा कमलरी बसिरहेको भेटिएको थियो, जसमध्ये धेरैलाई वार्षिक ज्याला वा पढाइदिने सर्तमा राखिएको पाइएको थियो। पश्चिम नेपालका विभिन्न जिल्लामा समेत घोषणाको वर्षौंपछि थुप्रै कमलरी रहेको पाइएको छ।

यस्तै अवस्थालाई गम्भीर रूपमा लिँदै सर्वोच्च अदालतले समेत सरकारका नाममा परमादेशको आदेश जारी गरेको थियो। अदालतले कमलरी प्रथाले बालबालिका अधिकार महासन्धि (सिआरसी) का धारा ९, १४, १५, १६, १८, १९, २८, २९, ३१ र ३२ समेतका प्रावधानहरूको हनन गर्ने भन्दै कमैया श्रम निषेध ऐन २०५८ को प्रभावकारी कार्यान्वयनका लागि आदेश दिएको थियो।

मुक्ति घोषणा भइसकेको एक दशकभन्दा बढी समयपछि पनि प्रभावित परिवारको पुनर्स्थापना प्रक्रिया पूर्ण भइसकेको छैन। मुक्त कमलरीले शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, आवास र भूमिको व्यवस्थाका साथै विगतमा भोगेका पीडाको क्षतिपूर्ति अझै माग गर्दै आएका छन्। कमैया परिवारको हकमा पनि लालपुर्जा पाए पनि स्रेस्ता नमिलेको, जग्गा डुबान वा नदी कटानको जोखिममा परेको जस्ता समस्या कायमै रहेको गुनासो सुनिँदै आएको छ।

यसैगरी विधेयकमा फौजदारी मुद्दा नचल्ने उमेर हद हालको १० वर्षबाट बढाएर १२ वर्ष पुर्‍याउने प्रस्ताव गरेको छ। अन्तर्राष्ट्रिय अभ्याससँग मेल खाने गरी फौजदारी मुद्दा नचल्ने र सजाय नहुने उमेर हद १० वर्षबाट बढाएर १२ वर्ष पुर्‍याइएको छ।

अध्ययन, खेलकुद वा अन्य कार्यक्रमका लागि बालबालिकालाई विदेश लैजानुअघि सम्बन्धित स्थानीय तहको सिफारिसमा जिल्ला प्रशासन कार्यालयबाट स्वीकृति लिनुपर्ने बनाइएको छ, जसले गैरकानुनी ओसारपसार रोक्ने लक्ष्य राखेको छ। साथै सर्वोच्चको न्यायिक सिद्धान्तसँग तादात्म्य कायम गर्न विभिन्न उमेर समूहका बालबालिकालाई हुने सजायको हद (जस्तै- उमेर पुगेको व्यक्तिलाई हुने सजायको आधा सजाय गर्दा पाँच वर्षभन्दा बढी नहुने) समेत तोकिएको छ।

विधेयकमा पहिलोपटक सन्तान शब्दको परिभाषा थपी नाबालक छोराछोरी, धर्मपुत्र, धर्मपुत्रीसँगै लैंगिक तथा यौनिक अल्पसंख्यक बालबालिकालाई पनि समेटिएको छ। भेदभावविरुद्धको दफा तथा अन्तरलिंगी तथा यौनिक अल्पसंख्यक पहिचान भएका बालबालिकालाई

> मुक्त घोषणा भइसकेको एक दशकभन्दा बढी समयपछि पनि प्रभावित परिवारको पुनर्स्थापना प्रक्रिया पूर्ण भइसकेको छैन।

विशेष संरक्षण आवश्यक पर्ने समूहमा राख्ने व्यवस्थासमेत थपिएको छ। स्वास्थ्य जोखिमबाहेक अन्तरलिंगी बालबालिकाको लिंग निर्धारण गर्ने शल्यक्रियालाई कसुर कायम गरिएको छ।

विद्युतीय माध्यमबाट सताउने व्यवस्थामा 'डिजिटल' शब्द थपेर सामाजिक सञ्जालमार्फत हुने दुर्व्यवहारलाई समेत कानुनी कारबाहीको दायरामा ल्याइएको छ। संघीयताअनुरूप जिम्मेवारी विस्तार र संस्थागत सुदृढीकरण अस्थायी संरक्षण सेवा र पुनर्स्थापना केन्द्र सञ्चालनको जिम्मेवारी नेपाल सरकारसँगै अब प्रदेश सरकार र स्थानीय तहलाई पनि दिइएको छ। वडास्तरमै वडाध्यक्षको अध्यक्षतामा वडा बालअधिकार समिति गठन हुने र स्थानीय बाल अधिकार समितिको नेतृत्व स्थानीय तहकै प्रमुख वा अध्यक्षले गर्ने व्यवस्था थपिएको छ। साथै हालसम्म नियमावलीमा रहेको राष्ट्रिय बाल अधिकार परिषद्सम्बन्धी व्यवस्थालाई विधेयकमा समावेश गरी संस्थागत रूपमा थप सुदृढ बनाइएको छ।

बालसुधार गृह व्यवस्थापनमा परिवर्तन बाल सुधार गृहमा रहेका बालबालिकाको उमेर १८ वर्ष पूरा भइसकेपछि निजको आचरणमा सुधार नदेखिएमा कारागारमा पठाउन सकिने र फौजदारी कसुर गरेमा अदालतको अनुमतिमा प्रहरी हिरासतमा राख्न सकिने नयाँ व्यवस्था थपिएको छ। साथै क्षतिपूर्तिको रकम तिर्न नसकेबापत बालबालिकालाई थप कैद सजाय नहुने प्रावधानसमेत राखिएको छ।

# कोसी सरकारबाट बाहिरियो कांग्रेस, नेकपा जाने

विनोद सुवेदी
*विराटनगर, साउन २७*

कोसी प्रदेश सरकारबाट कांग्रेस बाहिरिएको छ। बुधबार कोसी प्रदेश सरकारमा कांग्रेसबाट सहभागी मन्त्रीहरूले मुख्यमन्त्री हिक्मतकुमार कार्कीसमक्ष राजीनामा दिएपछि कांग्रेस कोसी प्रदेश सरकारबाट बाहिरिएको हो।

एमालेका हिक्मतकुमार कार्की नेतृत्वको प्रदेश सरकारमा कांग्रेसबाट चारजना मन्त्री र एकजना राज्यमन्त्री सहभागी थिए। कांग्रेसका भौतिक पूर्वाधार विकासमन्त्री प्रदीप सुनुवार, स्वास्थ्यमन्त्री मानबहादुर लिम्बू, उद्योग, कृषि तथा सहकारीमन्त्री इस्राइल मन्सुरी, पर्यटन वन तथा वातावरणमन्त्री भीम पराजुली र भौतिक पूर्वाधार विकास राज्यमन्त्री शोभा चेम्जोङले राजीनामा दिएका हुन्। कोसी प्रदेशमा केन्द्रीय नेताहरूले गरेको सहमतिअनुसार नेकपा र एमालेको सरकार बन्ने जनाइएको छ। सरकार गठन गर्ने विषयमा सहमति भए पनि मन्त्रालयका विषयमा अझै दुई दलबिच सहमति हुन नसकेको नेताहरूले बताए। नेकपा कोसी प्रदेश संसदीय दलका उपनेता बाबुराम गौतमले शुक्रबारसम्ममा नेकपाले सरकारमा मन्त्रीहरू पठाउने सम्भावना रहेको बताए। उनले नेकपा र एमालेबिच धेरैजसो विषय मिलिसकेको भए पनि मन्त्रालयको संख्याको विषय अझै नमिलेको जानकारी दिए। उनले बिहीबार नेकपा कोसीको संसदीय दलको बैठक बस्ने र सोही बैठकले सरकारमा सहभागी हुनेबारे निर्णय लिनसक्ने बताए।

सरकारमा सहभागी हुनुअघि मन्त्रालय संख्याको विषयमा अझै सहमति भइनसकेको गौतमले बताए। उनले भने, 'हामीले कांग्रेसले पाएका जति मन्त्रालय पाउनुपर्ने अडान राखेको तर एमालेले सांसद संख्याका आधारमा कांग्रेसले दिएजति मन्त्रालय नदिने मनसाय राखेजस्तो देखिएको छ।' गौतमले नेकपाले कांग्रेसले पाएका चारवटा मन्त्रालय लिने अडान नछाड्ने स्पष्ट पारे, तर एमालेले भने नेकपालाई तीनवटा मात्रै मन्त्रालयमा मनाउने प्रयास गरिरहेको स्रोतले जनाएको छ। नेकपाले पाउने मन्त्रालयको संख्याका विषयमा कुरा नमिलेकै कारण कोसी सरकारमा नेकपा सहभागी हुन आनाकानी गरिरहेको छ।

इता एमाले संसदीय दलका उपनेता तिलकुमार मेन्याङ्बोले सरकारमा नेकपालाई सहभागी गराउने विषय सहमतिनजिक रहेको दाबी गरेका छन्। उनले मन्त्रालयको विषयमा केन्द्रीय नेतृत्वले स्पष्ट निर्देशन दिइसकेका कारण केही दिनभित्रै सबै विवाद मिलेर सरकार विस्तार हुने बताए। मेन्याङ्बोले कोसी सरकारलाई पूर्णता दिन र मन्त्रालयको बाँडफाँट मिलाउने दुवै दलले संसदीय दलका नेताहरूलाई जिम्मेवारी दिएका कारण भोलि नै बैठक बसेर विवाद मिलाउने विश्वास व्यक्त गरे।

यता नेकपामा देखिएको मुख्यमन्त्रीको विवाद भने तत्कालका लागि समाधान भएको मेन्याङ्बोले बताए। उनले भने, 'मुख्यमन्त्री परिवर्तन केही समयपछि भनिएकाले तत्कालका लागि उक्त विवाद मिलिसकेको छ।' हाल कोसी प्रदेशमा संविधानको धारा १६८ को उपधारा ५ बमोजिम एमालेको नेतृत्वमा सरकार रहेको छ। नेकपा र एमालेका सांसद जोड्दा कोसीमा स्पष्ट बहुमत पुग्ने देखिन्छ। कोसी प्रदेशमा एमालेका ४० र नेकपामा १७ जना सांसद छन्।



मुख्यमन्त्री हिक्मतकुमार कार्कीसमक्ष बुधबार राजीनामा बुझाउँदै कांग्रेसका मन्त्रीहरू। *तस्बिर : नागरिक*

## लुम्बिनीमा भदौ १ मा मुख्यमन्त्रीले विश्वासको मत लिने

देवेन्द्र बस्नेत
*दाङ, साउन २७*

नेपाली कांग्रेस सरकारबाट बाहिरिएपछि विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्थाअन्तर्गत लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले आगामी भदौ १ मा विश्वासको मत लिने भएका छन्। भदौ १ मा बस्ने प्रदेशसभा बैठकमा मुख्यमन्त्री आचार्यले विश्वासको मत लिने तय भएको जनाइएको छ। आचार्यले भदौ १ को प्रदेशसभा बैठकबाट स्पष्ट बहुमत गर्ने देखिन्छ। अहिलेसम्म उनको पक्षमा ४८ मत सुरक्षितजस्तै देखिएको छ। कुल ८३ सांसद संख्या रहेको प्रदेशसभाको बहुमत संख्या ४२ हो।

मुख्यमन्त्री आचार्यको पक्षमा उनको दल एमालेका २९ सांसद छन्। यसैगरी सत्ता साझेदार दलका रूपमा रहने नेकपाका १२ सांसद छन्। यी दुई दलको सहमतिमा बनेको वाम गठबन्धनलाई जनता समाजवादी पार्टी, राजमो र एक स्वतन्त्र सांसदले समेत समर्थन जनाएका छन्। जसपाका ५ सांसद छन् भने राजमोका १ सांसद छन्। यसरी मुख्यमन्त्री आचार्यको पक्षमा ४८ सांसदको समर्थन कायम देखिन्छ। यसबाहेक राप्रपासँग समेत संवाद जारी रहेकाले यो दल पनि समर्थनमा आउन सक्ने सम्भावना रहेको बताइएको छ।

भदौ १ मा मुख्यमन्त्री आचार्यले विश्वासको मत लिएपछि लुम्बिनी प्रदेश सरकार विस्तार गर्ने जनाइएको छ। 'भदौ १ मा मुख्यमन्त्रीले विश्वासको मत लिने तय भएको छ', नेकपाका प्रमुख सचेतक इन्द्रजित चौधरीले भने, 'भदौ १ मा विश्वासको मत लिएपछि सरकार विस्तार प्रक्रियालाई अगाडि बढाइने छ।' उनका अनुसार वर्तमान सरकारको समर्थनमा रहेका दलहरू अहिले मन्त्रालय भागबन्डा मिलाउन छलफलमा व्यस्त छन्।

कुन दललाई कुन र कति मन्त्रालय दिने भन्नेबारेमा केही दिनयता केन्द्रित छलफल निर्णयको अन्तिम चरणमा पुगेको चौधरीले जानकारी दिए। 'सरकार विस्तारका विषयमा सबै विषय लगभग टुंगिसकेको छ', उनले भने, 'कुन दलले कुन-कुन मन्त्रालय पाउने, कति मन्त्रालय पाउने भन्ने जस्ता विषयको निर्णय अन्तिम चरणमा छ।'

नेकपा एमाले र नेकपाबिच प्रदेश सरकार सञ्चालनमा गठबन्धन गरेर जाने सहमति भए पनि सरकारमा रहेको कांग्रेस सरकारबाट बाहिरिएको थियो। कांग्रेसबाट सरकारमा रहेका पाँच मन्त्रीले गत १२ गते राजीनामा दिएका थिए भने कांग्रेसले सरकारलाई लिएको समर्थनसमेत फिर्ता लिएको थियो। कांग्रेस सरकारबाट बाहिरिएपछि अहिलेसम्म सरकार विस्तार हुन सकेको छैन। मन्त्रालय भागबन्डामै समस्या देखिएपछि मुख्यमन्त्री आचार्यले पहिला विश्वासको मत लिएर मात्रै मन्त्रीपरिषद् विस्तार गर्ने निर्णय सुनाएको स्रोतले बताएको छ।

मुख्यमन्त्रीसहित ९ मन्त्रालय रहेको यो प्रदेश सरकारमा अहिले मुख्यमन्त्रीबाहेक एमालेका चार मन्त्री छन्। बाँकी रहेका चार मन्त्रालय भागबन्डामा सकस बनेको स्रोत बताउँछ।

# मधेस प्रदेशमा 'एन्टी स्नेक भेनम' को अभाव



मदन ठाकुर
*रौतहट, साउन २७*

मधेस प्रदेशमा सर्पदंशका बिरामीको उपचारमा प्रयोग हुने औषधि एन्टी स्नेक भेनम (एएसभी) को अभाव पाइएको छ। प्रदेशका दुई ठुला अस्पताल वीरगन्जस्थित नारायणी अस्पताल र प्रादेशिक अस्पताल जनकपुरमा एएसभीको मौज्दात सकिँदै गएपछि सर्पले टोकेका बिरामीको उपचार प्रभावित हुन थालेको हो।

मधेस प्रदेशकै प्रमुख आर्थिक नगरी वीरगन्जस्थित नारायणी अस्पतालमा सोमबारदेखि एन्टिस्नेक भेनमको मौज्दात सकिएको अस्पताल प्रशासनले जनाएको छ। अस्पतालले सोमबार सूचना जारी गर्दै तालुक कार्यालयबाट औषधि प्राप्त नभएकाले सर्पदंशका बिरामीको उपचारमा समस्या भएको र यसबाट पर्न गएको असुविधाप्रति क्षमासमेत मागेको थियो। नारायणी अस्पतालको आकस्मिक कक्षमा दैनिक औसत सातदेखि आठजना सर्पदंशका बिरामी उपचारका लागि आउने गरेका छन्। अस्पतालमा एएसभीको मौज्दात सकिएपछि आउने बिरामीलाई तत्काल अन्यत्र पठाउनुपर्ने बाध्यता रहेको स्वास्थ्यकर्मीले बताए।

नारायणी अस्पतालमा पर्सा, बारा, रौतहट, सर्लाहीलगायत जिल्लाबाट सर्पदंशका बिरामी उपचारका लागि आउने गर्छन्। यसअघि अस्पतालमा औषधि कम हुन थालेपछि प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, जनकपुरको निर्देशनमा पर्साको ठोरी, बाराको निजगढ र कौल्हबी तथा सर्लाहीको नवलपुरलगायतका सर्पदंश उपचार केन्द्रबाट एएसभी ल्याएर उपचार धानिँदै आएको थियो। अस्पताल प्रशासनले मंगलबार साँझसम्म प्रदेश स्वास्थ्य कार्यालयबाट एन्टिस्नेक भेनम प्राप्त हुने जानकारी दिएको छ।

यस्तै प्रादेशिक अस्पताल जनकपुरमा पनि एन्टिस्नेक भेनम अभाव देखिएको छ। अस्पतालका आकस्मिक कक्ष इन्चार्ज उज्ज्वल झाका अनुसार जनकपुर अस्पतालमा दैनिक पाँचदेखि सातजना सर्पदंशका बिरामी उपचारका लागि आउने गरेका छन्।

जनकपुर अस्पतालमा सिरहा, सप्तरी, महोत्तरीलगायत मधेसका जिल्लाबाट मात्र नभई सीमावर्ती भारतीय क्षेत्रबाट समेत सर्पदंशका बिरामी आउने गरेका छन्।

उता, रौतहटको सदरमुकाम गौरस्थित प्रादेशिक अस्पतालमा पनि एन्टिस्नेक भेनमको मौज्दात न्यून रहेको छ। अस्पतालका प्रमुख डा. अभिषेक ठाकुरका अनुसार हाल अस्पतालमा ३० भायल एएसभी मात्र मौज्दात छ। गौर अस्पतालमा दैनिक औसत चारदेखि पाँचजना सर्पदंशका बिरामी आउने गरेको डा. ठाकुरले बताए। उनका अनुसार तराई-मधेसमा अत्यधिक गर्मीसँगै वर्षा भएपछि सर्पदंशका घटना पनि बढ्ने गरेका छन्।

## लुम्बिनीमा पनि छैन औषधी

अर्जुन ओली
*नेपालगन्ज, साउन २७*

लुम्बिनी प्रदेशमा सर्पले टोकेका बिरामीलाई दिइने एन्टी स्नेक भेनम (एएसभी) भ्याक्सिन अभाव देखिएको छ। लुम्बिनीका अधिकांश अस्पतालमा उक्त भ्याक्सिनको अभाव भएको हो। भ्याक्सिन अभाव देखिएपछि लुम्बिनी प्रदेशका अस्पतालमा समस्या भइरहेको छ। कतिपय अस्पतालले भ्याक्सिन मागेर काम चलाइरहेका छन्। लुम्बिनी प्रदेश स्वास्थ्य मन्त्रालयका सचिव दुर्गालक्ष्मी श्रेष्ठले एन्टी स्नेक भेनम भ्याक्सिनको अभाव सिर्जना भएको स्वीकार गरिन्। 'भ्याक्सिनको अभाव छ। यताउताबाट ल्याएर काम चलाइरहेका छौं', श्रेष्ठले नागरिकसँग भनिन्।

प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र बुटवलका निर्देशक डा. राजेन्द्रकुमार गिरीले एन्टी स्नेक भेनम भ्याक्सिन अभाव संघीय सरकारबाटै भएको बताए। 'भ्याक्सिन अभाव बढ्दै गएको छ', उनले भने।

निर्देशक डा. गिरीका अनुसार केन्द्रले लुम्बिनी प्रदेशका १२ जिल्लामध्ये सर्पदंशसम्बन्धी उपचार हुने २२ देखि २५ वटा अस्पतालमा उक्त भ्याक्सिन पठाउँछ। भ्याक्सिनका लागि इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले कोटा निर्धारण गर्छ। लुम्बिनी प्रदेशका लागि ७ हजार २ सय ४२ भाइल कोटा रहेको छ। यसअन्तर्गत लुम्बिनी प्रादेशिक अस्पताल बुटवललाई १ हजार ८ सय भाइल, गोरुसिंगेमा रहेको सर्पदंश उपचार केन्द्रलाई ७ सय, भेरी अस्पताललाई ६ सय ५० भाइल कोटा निर्धारण गरिएको छ।

अन्य जिल्लाका अस्पतालका लागि पनि बिरामीको चापअनुसार कोटा निर्धारण गरिएको केन्द्रले जनाएको छ। संघीय सरकारअन्तर्गतको स्वास्थ्य मन्त्रालयले हरेक वर्ष टेन्डर प्रक्रियामार्फत भ्याक्सिन खरिद गर्दै आएको छ। अबको एक साताभित्र भ्याक्सिन आपूर्ति नभए समस्या विकराल बन्ने खतरा रहेको निर्देशक डा. गिरी बताउँछन्।

भेरी अस्पताल नेपालगन्जका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा. नवीन दर्नालले भ्याक्सिन अभाव सिर्जना हुने देखिएपछि आफूहरूले पहिल्यै सावधानी अपनाएको बताए। 'विगतको अनुभवअनुसार हामीले पहिल्यै भ्याक्सिन संकलन गरिराख्यौं। त्यसकारण हामीले चरम अभाव खेप्नुपरेन।' प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा. दर्नालका अनुसार आव २०८२/८३ मा अस्पतालमा पाँच सय ५५ भाइल खपत भएको थियो। चालु वर्षको हालसम्म चार सय ९० भाइल आइसकेको उनले बताए।

## १३ हजार भाइल आउँदै

पवित्रा सुनार
*काठमाडौं, साउन २७*

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले देशभरका लागि २४ सय भाइल सर्पदंशको औषधी एन्टी स्नेक भेनम (एएसभी) मौज्दात रहेको र थप केही साताका लागि पुग्ने जनाएको छ। महाशाखाका प्रकोप व्यवस्थापन प्रमुख डा. अमृत पोखरेलका अनुसार २४ सय भाइलमध्ये आठ सय भाइल तराई क्षेत्रका लागि मौज्दात रहेको जानकारी दिए। यो औषधी केही साताका लागि पुग्ने र एक साताभित्र भारतबाट लिने गरी तयारी भइरहेको जानकारी दिए।

सर्पदंशको औषधी अभाव सुनेपछि बुधबार नै सम्बन्धित निकायबिच आकस्मिक छलफल गरी औषधीको स्थितिबारे जानकारी लिएको बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका सर्पदशं विज्ञ डा. सञ्जीवकुमार शर्माले बताए। उनका अनुसार देशभरमा रहेका सरोकारवाला समूहबिच जानकारी लिँदा अहिलेको मौज्दातले थप एक महिना उपचार गर्न पुग्छ। इपिडिमियोलोजी महाशाखाले भारतबाट खरिद गर्ने तयारी गरिरहेको छ। यो हिसाबले सर्पदंशको औषधी अभाव भई उपचार नपाउने स्थिति छैन। महाशाखाका प्रकोप व्यवस्थापन प्रमुख डा. पोखरेलका अनुसार हालको मौजदातले दुई हजार बिरामीको उपचार गर्न पुग्छ।

डा. शर्माका अनुसार नेपाल र भारतमा पाइने सर्पको प्रजाति एउटै भएकाले यी सर्पको विष मार्ने औषधी पनि भारतमा मात्रा उत्पादन हुन्छ। औषधीका लागि खरिद प्रक्रिया अघि बढिसकेको र सक्दो छिटो आपूर्ति हुने महाशाखाका निर्देशक डा. अनुज भट्टचलने बताए। व्यवस्थापन महाशाखाका अधिकृत डा. चेतननिधि वाग्लेले औषधिका लागि अन्तर्राष्ट्रिय बोलपत्र आह्वान भई आपूर्तिको अन्तिम चरणमा पुगेको जानकारी दिए। उनका अनुसार यो वर्ष १३ हजार दुई सय भाइल औषधी खरिद भएको छ। खरिद कम्पनीले यही साताभित्र आउने सुनिश्चितता गरेको छ। साथै अभाव भएको ठाउँमा पठाइरहेको उनले जानकारी दिए।

गल्ती गर्नु मानवीय कर्म हो र क्षमा गर्नु ईश्वरीय कर्म।
– अलेक्जेन्डर पोप

## स्वास्थ्य सेवाको सुस्त गति

स्वास्थ्य सेवा नागरिकको मौलिक अधिकार हो। संविधानले प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध हुने व्यवस्था गरेको छ। यही संवैधानिक जिम्मेवारी पूरा गर्ने उद्देश्यसहित नेपाल सरकारले पाँच वर्षअघि स्थानीय तहमा आधारभूत अस्पताल निर्माण गर्ने महत्त्वाकांक्षी कार्यक्रम अघि सारेको थियो। तर ६५७ स्थानीय तहमा निर्माण गर्ने भनिएका अस्पतालमध्ये हालसम्म १०९ वटा मात्र सम्पन्न भएका छन्। ३२६ वटा निर्माणाधीन अवस्थामा छन् भने बाँकीमा प्रक्रिया नै सुरु हुन सकेको छैन।

२०७७ सालमा तत्कालीन सरकारले ३९६ स्थानीय तहमा एकैपटक आधारभूत अस्पताल निर्माणको शिलान्यास गरेको थियो। पछि थप २६१ स्थानीय तहलाई समेटिएपछि निर्माण गर्नुपर्ने अस्पतालको संख्या ६५७ पुगेको थियो। दुई वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको यो कार्यक्रम पाँच वर्ष बितिसक्दा पनि अधुरै रहनुले सरकारका घोषणा र कार्यान्वयनबिचको ठुलो अन्तर देखाउँछ। निर्माण भएका अस्पतालहरू पनि स्रोत, साधन मात्र होइन, जनशक्तिको अभावमा सञ्चालनमा आउन सकेका छैनन्। आधारभूत अस्पतालको मूल उद्देश्य नै नागरिकलाई समयमै गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनु हो। अस्पतालको भवन बनेर मात्र स्वास्थ्य सेवा सुनिश्चित हुँदैन। त्यसका लागि आवश्यक जनशक्ति, उपकरण, औषधि र नियमित सेवा सञ्चालनको व्यवस्था पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको 'आधारभूत अस्पताल सञ्चालन मापदण्ड, २०८१'ले आधारभूत अस्पताललाई केवल उपचार गर्ने भवनका रूपमा होइन, स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवाको केन्द्रका रूपमा परिकल्पना गरेको छ। यस्ता अस्पतालले खोप, परिवार नियोजन, गर्भवती तथा प्रसूति सेवा, नवजात तथा बाल स्वास्थ्य, पोषण, सरुवा तथा नसर्ने रोगको पहिचान र व्यवस्थापन, मानसिक स्वास्थ्य, ज्येष्ठ नागरिक स्वास्थ्य तथा सामान्य आकस्मिक सेवासहितका आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउनुपर्ने हुन्छ।

यी सेवा प्रभावकारी रूपमा सञ्चालन गर्न पाँचदेखि १५ शय्यासम्मका अस्पताल, आवश्यक स्वास्थ्यकर्मी, प्रयोगशालासहित अन्य आधारभूत उपकरणको व्यवस्था आवश्यक हुन्छ। तर अहिले धेरै ठाउँमा अस्पताल भवन निर्माणकै चरणमा अड्किएका छन् भने सञ्चालनमा आएका पनि सेवा दिने होइनन्, लिने जस्ता बन्न पुगेका छन्। भनिन्छ 'अ स्टिच इन टाइम सेभ्स नाइन' अर्थात् समयमै लगाइएको एउटा टाँकाले नौ वटा टाँका बचाउँछ। स्वास्थ्य सेवाको सन्दर्भमा यसको महत्त्व अझ गहिरो छ। कुनै पनि रोगको प्रारम्भिक चरणमै पहिचान र उपचार खर्च मात्र होइन, जीवन जोखिम कम गर्ने छ।

> आधारभूत स्वास्थ्य प्रणाली कमजोर हुँदा देशका ठुला अस्पतालमा चाप बढिरहेको छ। अनलाइनबाट सरकारी सेवा दिने बताएको सरकारलाई वीर, त्रिवि शिक्षण अस्पताल, कान्ति बाल र पाटनजस्ता विशिष्टीकृत स्वास्थ्य संस्थामा उपचारको लाइनले गिज्याएको छ।

उच्च रक्तचाप, मधुमेह, संक्रमण, श्वासप्रश्वाससम्बन्धी समस्या तथा अन्य नसर्ने रोगको समयमै पहिचान र व्यवस्थापन गर्न सकियो भने बिरामीको स्वास्थ्य अवस्था बिग्रनबाट रोक्न सकिन्छ। गाउँमै आधारभूत स्वास्थ्य सेवा अभावमा नागरिकले ज्यानको जोखिम मात्र होइन, आर्थिक र समयको पनि बर्बादी भोग्नुपरेको छ। सामान्य समस्याका लागि टाढा धाउनुपर्ने र समय मात्र होइन, धेरै लगानी गर्नुपर्ने बाध्यतामा छन्।

अर्कातर्फ, आधारभूत स्वास्थ्य प्रणाली कमजोर हुँदा देशका ठुला अस्पतालमा चाप बढिरहेको छ। अनलाइनबाट सरकारी सेवा दिने बताएको सरकारलाई वीर, त्रिवि शिक्षण अस्पताल, कान्ति बाल र पाटनजस्ता विशिष्टीकृत स्वास्थ्य संस्थामा उपचारको लाइनले गिज्याएको छ। नागरिकलाई स्वस्थ राख्ने जिम्मेवारी र दायित्व सरकारकै हो। त्यसमा राज्यले कुनै बहानाबाजी गर्न मिल्दैन। त्यो संवैधानिक व्यवस्था र दायित्व हो। हिजो कसले सुरु गर्‍यो होइन, जोसुकैले सुरु गरेको भए पनि यसलाई अघि बढाउनु राज्यको दायित्व हो। स्रोत मात्र होइन, सोचमा पनि परिवर्तन गरेर आधारभूत अस्पताल कार्यक्रम सफल बनाउनुपर्छ।

अस्पताल निर्माण र स्वास्थ्य क्षेत्रलाई राजनीतिक दाउपेज होइन, संघ, प्रदेश र स्थानीय सरकारले नागरिकलाई स्वस्थ राख्ने कर्तव्यका रूपमा लिनुपर्छ। तत्काल निर्माणाधीन अस्पताललाई सम्पन्न गर्नुपर्छ। भवन निर्माण भएर मात्र पुग्दैन, त्यसका लागि आवश्यक जनशक्ति र उपकरणसहित पूर्ण क्षमतामा सञ्चालन गर्नुपर्छ। स्थानीय तहलाई अस्पताल सञ्चालनका लागि संघ र प्रदेश सरकारले आर्थिक, प्राविधिक र प्रशासनिक क्षमता विकास गर्न सहयोग गर्नुपर्छ। सँगै स्थानीय सरकारले नागरिकलाई आस्वस्त पनि पार्नुपर्छ। आफ्नै गाउँठाउँमा सञ्चालनमा भएका अस्पतालले गुणस्तरीय सेवा प्रदान गरिरहेका छन् र आगामी दिनमा गर्ने छन्। त्यसले सरकारप्रतिको भरोसाका साथै संघीयताको अभ्यास पनि बढाउँछ। नागरिकले आफ्नै ठाउँमा सहज र गुणस्तरीय स्वास्थ्य सेवा पाउँदा परिवर्तनको अनुभूति गर्ने छन्। संविधानको मौलिक हकमा उल्लेख भएको व्यवस्थाले पनि सार्थकता पाउनेछ।



बद्रीप्रसाद पाण्डे

## कांग्रेसमा एकताको खोजी




**लोकप्रिय छवि बनाउन सफल नयाँ नेतृत्वले सबै धारलाई समेट्ने उदारता देखाउन सक्यो भने त्यसले पार्टीलाई मात्र जोगाउने छैन, स्वयं नेतृत्वको राजनीतिक कद, परिपक्वता र दूरदर्शितालाई पनि स्थापित गर्ने छ ।**

नेपाली कांग्रेस आज केवल एउटा राजनीतिक दलभित्रको विवादको सामना गरिरहेको छैन, आफ्नो लामो लोकतान्त्रिक इतिहास, संगठनात्मक संस्कार र राजनीतिक परिपक्वताको एउटा महत्त्वपूर्ण परीक्षाबाट गुज्रिरहेको छ। पार्टीभित्र मतभेद हुनु नयाँ कुरा होइन। विचारमा भिन्नता, नेतृत्वका लागि प्रतिस्पर्धा र नीतिमा असहमति लोकतान्त्रिक पार्टीका स्वाभाविक चरित्र हुन्। समस्या त्यतिबेला सुरु हुन्छ, जब असहमति संवादको विषय बन्न छाडेर विभाजनको कारण बन्छ।

लामो समयदेखि नेपाली कांग्रेसभित्र एकता, मेलमिलाप र मध्यमार्गको खोजी हुँदै आएको छ। मध्यमार्गी भूमिका सधैं सहज हुँदैन। दुवै धारका आआफ्ना तर्क, असन्तुष्टि र आग्रह हुन्छन्। कतिपय अवस्थामा दुवै पक्षबाट प्रश्न उठ्छ- तपाईंहरू कता हुनुहुन्छ ? हाम्रो जवाफ सधैं एउटै छ- हामी कुनै व्यक्ति र समूहको पक्षमा होइन, कांग्रेसको पक्षमा छौं। आज पनि हाम्रो विश्वास यही छ कि कांग्रेसको भविष्य कुनै एउटा व्यक्ति वा समूहको विजयमा होइन, सबै धारलाई समेट्ने राजनीतिक समझदारीमा सुरक्षित छ।

**महाधिवेशन : केवल मिति होइन, लोकतन्त्रको आधार**

२०८० सालतिरै मैले केन्द्रीय कार्यसमितिमा एउटा स्पष्ट कार्यतालिकाको प्रस्ताव राखेको थिएँ। भ्रातृ संस्थाहरूका अधिवेशन यसै वर्ष सम्पन्न गरौं, २०८१ मा क्रियाशील सदस्यताको नवीकरण र वितरणको काम सकौं र २०८२ लाई वडा तहदेखि केन्द्रीय महाधिवेशनसम्मको अधिवेशन वर्ष बनाऔं भन्ने मेरो प्रस्ताव थियो।

शेखर कोइरालाले पनि २०८२ मंसिरमा महाधिवेशन गर्नुपर्ने र त्यसका लागि समयमै तयारी थाल्नुपर्ने कुरा त्यसै समयदेखि निरन्तर उठाउँदै आउनुभएको थियो तर कार्यकारी जिम्मेवारीमा रहेका नेतृत्वबाट त्यसअनुसारको तत्परता देखिएन।

महाधिवेशनको मिति केवल प्रशासनिक विषय होइन। लोकतान्त्रिक पार्टीमा आवधिक महाधिवेशन नेतृत्वको वैधता नवीकरण गर्ने र कार्यकर्तालाई निर्णय प्रक्रियामा सहभागी गराउने मूल माध्यम हो। त्यसैले महाधिवेशन समयमै नगर्नु भनेको केवल अधिवेशन सार्नु होइन, आन्तरिक लोकतन्त्रलाई कमजोर बनाउनु हो।

**भदौ २३–२४ पछिको परिवर्तित सन्दर्भ**

२०८२ भदौ २३-२४ का घटनाले देशको राजनीतिलाई नै उथलपुथल बनायो। यस्तो परिस्थितिमा कांग्रेस अझ बढी एकताबद्ध हुनुपर्ने थियो। राष्ट्रिय राजनीतिको संकटलाई सामना गर्दै कांग्रेसलाई निर्णायक शक्तिका रूपमा पुनः स्थापित गर्नुपर्ने थियो। तर पार्टीभित्र विशेष महाधिवेशन गर्ने कि नियमित महाधिवेशन गर्ने ? आमनिर्वाचनअघि गर्ने कि पछि ? भन्ने विवाद सुरु भयो।

विशेष महाधिवेशनका लागि हस्ताक्षर चलिरहँदा शेखर कोइरालाले एउटा मध्यमार्गी धारणा राख्नुभयो- हस्ताक्षर अभियानलाई नियमित महाधिवेशनका लागि दबाबका रूपमा प्रयोग गरौं, नियमित महाधिवेशन फागुन २१ को निर्वाचनअघि गरौं र नयाँ नेतृत्वका साथ निर्वाचनमा जाऔं। लामो छलफलपछि केन्द्रीय कार्यसमितिले नियमित महाधिवेशन नै गर्ने, आमनिर्वाचनभन्दा अगाडि गर्ने र समय अभाव भए फास्ट ट्र्याकमा कार्यतालिका बनाएर अघि बढ्ने निर्णय गर्‍यो। त्यो निर्णय सर्वसम्मत थियो।

निर्णय कार्यान्वयन गर्ने तत्परता देखिएन। फास्ट ट्र्याकमा समेत आवश्यक काम अघि बढ्न नसकेपछि नियमित महाधिवेशन सम्भव नहुने अवस्था आयो। त्यसपछि विशेष महाधिवेशनको बाटो रोजियो। हामीले त्यसबेला पनि विशेष महाधिवेशनमा जाने नै हो भने केन्द्रीय कार्यसमितिको निर्णयबाट जाऔं भन्यौं तर त्यो हुन सकेन।

**हामी विशेष अधिवेशनमा किन गएनौं ?**

शेखर कोइरालालगायत हामी विशेष अधिवेशनमा सहभागी भएनौं। यसको अर्थ परिवर्तनको आवश्यकता छैन भन्ने थिएन। हाम्रो चिन्ता थियो- पुरानो नेतृत्व यथावत् रहँदा अर्को नेतृत्व चयन गरियो भने पार्टीमा दुईवटा नेतृत्व केन्द्र बन्नेछन् र त्यसले पार्टी विभाजनलाई संस्थागत गर्नेछ। हामीले एउटा अर्को मध्यमार्गी प्रस्ताव राखेका थियौं- विशेष अधिवेशनलाई नेतृत्व चयन गर्ने अधिवेशन नभई नीति अधिवेशनका रूपमा उपयोग गरौं। बदलिएको राष्ट्रिय परिस्थितिअनुसार आवश्यक नीतिगत प्रस्ताव पारित गरौं, ती नीति बोकेर कांग्रेस निर्वाचनमा जनतामाझ जाओस्। नेतृत्वको प्रश्नलाई तत्काल पार्टी विभाजनको आधार नबनाऔं। तर त्यो बाटो स्वीकार भएन। नेतृत्व चयन भयो।

त्यसपछि निर्वाचन आयोगबाट नयाँ नेतृत्वले मान्यता पायो। निर्वाचनमा भने विशेष अधिवेशनमा सहभागी र सहभागी नभएका सबै कांग्रेसजन आआफ्ना निर्वाचन क्षेत्रमा जुट्यौं। हामी सबैले कांग्रेसलाई जिताउने आधिक्तम प्रयास गर्‍यौं। केही क्षेत्रमा सफलता पनि मिल्यो तर समग्र परिणाम कांग्रेसका लागि गम्भीर चेतावनी थियो। समानुपातिक मत अघिल्लो निर्वाचनको भन्दा करिब १० लाख घट्यो र प्रत्यक्षतर्फ पनि कांग्रेस १८ सिटमा सीमित हुन पुग्यो।

यसलाई केवल चुनावी हारका रूपमा हेर्नु पर्याप्त हुँदैन। जनताले पनि विभाजित कांग्रेसलाई स्वीकार गर्न कठिन भएको सन्देश दिएको हुन सक्छ।

> कांग्रेसभित्र विचारको विविधता रहोस्, नेतृत्वका लागि प्रतिस्पर्धा होस्। असहमति होस् तर असहमति शत्रुता नबनोस्। प्रतिस्पर्धा विभाजनमा परिणत नहोस्। बहुमतले शासन गरोस् तर अल्पमतलाई सम्मान गरोस्। नेतृत्वले निर्णय गरोस् तर फरक मत सुन्ने संस्कार पनि राखोस्।

**कानुनी विजयभन्दा ठुलो राजनीतिक उदारता**

आज कानुनी रूपमा बलियो भएको पक्षले एकताको पहल गर्नु उसको कमजोरी होइन, बरु त्यो उसको आत्मविश्वासको प्रमाण हो। पराजित वा संस्थागत रूपमा बाहिर परेको पक्षले एकताको कुरा गरिरहनु स्वाभाविक हो। तर अधिकार र वैधानिकता प्राप्त गरेको पक्षले अझ उदारतापूर्वक हात बढाउनु राजनीतिक महानता हो। लोकप्रिय छवि बनाउन सफल नयाँ नेतृत्वले सबै धारलाई समेट्ने उदारता देखाउन सक्यो भने त्यसले पार्टीलाई मात्र जोगाउने छैन, स्वयं नेतृत्वको राजनीतिक कद, परिपक्वता र दूरदर्शितालाई पनि स्थापित गर्नेछ। कानुनी विजयले नेतृत्वको अधिकार दिन सक्छ, राजनीतिक उदारताले नेतृत्वको उचाइ दिन्छ।

**अब पनि बिचको बाटो छ**

अदालतमा पुनरावलोकनको प्रक्रिया सुरु भएपछि दुवै पक्षको रणनीतिमा केही परिवर्तन देखिएको छ। केन्द्रीय कार्यसमितिमा महाधिवेशनको कार्यतालिका पुनरावलोकन गर्नेभन्दा तोकिएकै समयमा महाधिवेशन सम्पन्न गर्ने दिशामा छलफल अघि बढेको देखिन्छ। अर्कातर्फ इतर पक्षको प्रस्तावित भेला पनि अहिले नीतिगत विषयमा केन्द्रित हुने सम्भावना देखिएको छ। यसले अझै एउटा अवसर दिएको छ। यस अवस्थामा हामी केही विकल्प गम्भीरतापूर्वक विचार गर्न सक्छौं।

पहिलो, निवर्तमान कार्यसमितिलाई समायोजन गरेर ठुलो आकारको केन्द्रीय कार्यसमिति बनाउने। महाधिवेशनअघि त्यसले एक-दुई बैठक मात्र पनि हुन सक्छ। विशेष अधिवेशनमा सहभागी नभएको पक्ष पनि केन्द्रीय कार्यसमितिभित्र आउँछ, आपसी विश्वास निर्माण हुन्छ र सबैको सहभागितामा एकताको महाधिवेशन गर्न सकिन्छ।

दोस्रो, अधिकारसम्पन्न तयारी समिति गठन गर्ने। यसको स्पष्ट टिओआर तयार गर्ने। त्यो टिओआर केन्द्रीय कार्यसमितिबाट पारित गर्ने। त्यसपछि तयारी समितिले गरेका निर्णयलाई केन्द्रीय कार्यसमितिले मनलाग्दी उल्ट्याउन, भूमिका खुम्च्याउन वा समिति विघटन गर्न नसक्ने स्पष्ट राजनीतिक समझदारी गर्ने। अधिकार र जिम्मेवारी दुवै लिखित रूपमा सुनिश्चित गर्ने।

अर्को एउटा विकल्प पनि विचारयोग्य छ- १४औं महाधिवेशनबाट निर्वाचित र विशेष अधिवेशनबाट निर्वाचित कार्यसमितिबाट बराबर प्रतिनिधित्व हुने गरी एउटा तयारी समिति बनाउने। त्यसको नेतृत्व कुनै एउटा पक्षको होइन, दुवै पक्षलाई स्वीकार्य, विश्वसनीय र मध्यमार्गी भूमिकामा रहन सक्ने वरिष्ठ नेताले गर्न सक्नुहुन्छ। यसको एकमात्र उद्देश्य एकताको महाधिवेशन सम्पन्न गर्ने।

**हामीले अदालतलाई हाम्रो भाग्य निर्धारण गर्न दिनुहुँदैन**

अदालतको पुनरावलोकनको निर्णयलाई पर्खेर बस्दा, निर्णय आफ्नो पक्षमा आयो भने त्यो पक्षले न्याय भयो भन्नेछ। अर्को पक्षले अन्याय भयो भन्नेछ। त्यसपछि एउटा पक्षले आफूलाई आधिकारिक कांग्रेस घोषणा गर्ने र अर्को पक्षले आफूलाई अन्याय भएको भन्दै नयाँ राजनीतिक बाटो रोज्ने खतरा रहन्छ। त्यसैले जरुरी छ, अदालतले हाम्रो पार्टीको भविष्य निर्धारण गर्नुअघि हामी आफैंले आफ्नो भविष्य निर्धारण गरौं। हामीले अदालतलाई सम्मान गर्दै पार्टीको राजनीतिक समस्या आफैं समाधान गर्ने परिपक्वता देखाउनुपर्छ। अदालतले निर्णय गर्नै नपर्ने गरी राजनीतिक सहमति निर्माण गर्न सक्नु नेपाली कांग्रेसको परिपक्वताको प्रमाण हुनेछ।

**मध्यमार्ग कमजोरी होइन**

हामीलाई थाहा छ- दुई ध्रुवबिच उभिएर मध्यमार्गको कुरा गर्नु सजिलो छैन। दुवै पक्षबाट प्रश्न आउन सक्छ- तपाईं हाम्रो पक्षमा हुनुहुन्छ कि विपक्षमा ? हाम्रो उत्तर फेरि पनि एउटै हो- हामी कांग्रेसको पक्षमा छौं। कांग्रेसभित्र विचारको विविधता रहोस्, नेतृत्वका लागि प्रतिस्पर्धा होस्, असहमति होस् तर असहमति शत्रुता नबनोस्। प्रतिस्पर्धा विभाजनमा परिणत नहोस्। बहुमतले शासन गरोस् तर अल्पमतलाई सम्मान गरोस्। नेतृत्वले निर्णय गरोस् तर फरक मत सुन्ने संस्कार पनि राखोस्।

**१५औं महाधिवेशन : विभाजनको होइन, एकताको महाधिवेशन**

अब हाम्रो लक्ष्य एउटा हुनुपर्छ- १५औं महाधिवेशनलाई केवल प्रतिस्पर्धाको महाधिवेशन होइन, एकताको महाधिवेशन बनाउने। कांग्रेसको इतिहासमा बिपी कोइरालाले प्रतिपादन गर्नुभएको मेलमिलापको मूल भावना हो- मतभेदलाई शत्रुतामा होइन, राष्ट्रिय उद्देश्यमा रूपान्तरण गर्ने क्षमता। हामीमध्ये कसैको व्यक्तिगत विजयभन्दा कांग्रेसको एकता ठुलो हो। कुनै समूहको तत्कालीन राजनीतिक लाभभन्दा कांग्रेसको दीर्घकालीन भविष्य ठुलो हो। त्यसैले अदालतको अन्तिम फैसला कुर्नुअघि नै, अर्को भेला र अर्को निर्णयअघि नै, हामी सबै एकपटक फेरि संवादको टेबलमा बसौं।

हामीमा भएको आफ्नै इच्छाशक्ति, उदारता र राजनीतिक परिपक्वताले एकता सम्भव छ। नेपाली कांग्रेसजस्तो लामो लोकतान्त्रिक इतिहास बोकेको पार्टीले यो ऐतिहासिक जिम्मेवारी पूरा गर्न सक्छ।

## भूसंरक्षणमा बाँस



तीर्थराज भट्टराई

नेपालमा हरेक वर्ष साउन २५ गते राष्ट्रिय भूसंरक्षण दिवस मनाइन्छ। पहाडी भूभागमा बढ्दो भूक्षय, पहिरो, नदी कटान, जलाधारको क्षयीकरण तथा प्राकृतिक स्रोतको दिगो व्यवस्थापनप्रति राज्य र नागरिकको ध्यानाकर्षण गराउने उद्देश्यले यो दिवस मनाउने परम्परा स्थापित भएको हो। मनसुन सुरु हुनासाथ पहिरोले सडक, नदीले उर्वर भूमि कटान र बाढीले बस्ती जोखिममा पार्छन्। वर्षैपिच्छे वर्षातको समयमा सडक अवरुद्ध हुने र नागरिकहरू घर छोडेर विस्थापित हुने दृष्टान्त हाम्रा सामु रहिआएका छन्। त्यसपछि राहत, पुनःनिर्माण र सडक मर्मतमा राज्यले अर्बौं रुपैयाँ खर्च गर्नुपर्छ।

नेपालको करिब दुईतिहाइ भूभाग पहाडी तथा हिमाली परिवेशले भरिएको छ। कमजोर भौगर्भिक बनोट, जलवायु परिवर्तनका कारण बढ्दो अतिवृष्टि, अव्यवस्थित सडक निर्माण, नदीजन्य पदार्थको अनियन्त्रित उत्खनन, वन विनाश तथा वातावरणीय अनुशासनको कमजोरीले भूक्षय जस्ता प्राकृतिक विपद राष्ट्रिय चुनौती बनेका छन्। भूसंरक्षण माटो जोगाउने, खाद्य सुरक्षा, जलस्रोत संरक्षण, जैविक विविधता, पूर्वाधारको दिगोपन र राष्ट्रिय अर्थतन्त्रसँग प्रत्यक्ष जोडिएको विषय हो।

**पुर्खाको ज्ञान र आधुनिक विज्ञान**

हाम्रा पुर्खाहरूले भू-इन्जिनियरिङ पढ्नुभएको थिएन तर प्रकृतिको महत्त्व राम्ररी बुझ्नुभएको थियो। खेतका कान्ला, खोल्सा, नदी किनार, पहिरोको जोखिम भएका पाखा तथा पानीका मुहान वरिपरि बाँस रोप्ने परम्परा त्यसैको ज्वलन्त उदाहरण हो। वर्षौंदेखिको व्यावहारिक अनुभवबाट बाँसले माटोलाई समात्ने, पानीको बहावलाई नियन्त्रण गर्दै जमिनको स्थायित्व बढाउँछ भन्ने ज्ञान पुर्खामा विकास भएको पाइन्छ।

दुर्भाग्यवश आधुनिकताको नाममा बाँसलाई गरिबको सामग्री र कङ्क्रिटलाई मात्र विकासको प्रतीक बनाइयो। परिणामस्वरूप पुर्खाले विकसित गरेको प्रकृतिमैत्री अभ्यास क्रमशः ओझेलमा पर्‍यो। तर आज आधुनिक विज्ञानले त्यही परम्परागत ज्ञान र सीपलाई स्थायी समाधानका रूपमा प्रमाणित गरेको छ। अन्तर्राष्ट्रिय अध्ययनहरूले पनि बाँसको घना र रेशादार जरा प्रणालीले माटोलाई कसिलो रूपमा बाँधेर सतही बहाव घटाउने, नदी कटान नियन्त्रण तथा पहिरोको जोखिम कम गर्ने तथ्य पुष्टि गरेका छन्।

**बाँस : भूसंरक्षण र हरित अर्थतन्त्र**

बाँस भूक्षय नियन्त्रण, संस्कृतिको संरक्षण, परम्परागत सभ्यता र समृद्धिलाई एकैसाथ जोड्ने महत्त्वपूर्ण प्राकृतिक स्रोत पनि हो। बाँसको घना जरा प्रणालीले माटोलाई मजबुत बनाउँदै भूक्षय र नदी कटान कम गर्न मद्दत गर्छ। जलाधार संरक्षण र पानीको पुनर्भरण बढाउन मद्दत पुर्‍याउँछ। छिटो बढ्ने भएकाले क्षयीकरण भएको भूभागलाई छोटो समयमा नै हरियालीमा रूपान्तरण गर्ने क्षमता राख्छ। बाँसले अत्यधिक मात्रामा कार्बन अवशोषण गरी जलवायु परिवर्तनको असर न्यूनीकरणमा समेत महत्त्वपूर्ण योगदान पुर्‍याउँछ।



यससँगै बाँस ग्रामीण अर्थतन्त्रको आधार पनि हो। निर्माण सामग्री, फर्निचर, हस्तकला, कृषि सामग्री, कागज, कपडा, जैविक ऊर्जा तथा इन्जिनियरिङ सामग्रीलगायत सयौं प्रकारका उत्पादन बाँसबाट तयार हुन्छन्। नेपालमा बाँसबिनाको ग्रामीण जीवन परिकल्पना पनि गर्न सकिँदैन। नेपालले बाँसमा आधारित कुटिर तथा मझौला उद्योगलाई प्रोत्साहन गर्न सके ग्रामीण रोजगारी बढ्छ। आयातित सामग्रीको विकल्प विकास हुने र हरित अर्थतन्त्रलाई नयाँ आधार प्राप्त हुनेछ। वातावरण संरक्षण र आर्थिक समृद्धिलाई एउटै सूत्रमा जोड्ने यस्तो प्राकृतिक स्रोत हाम्रो देशमा विरलै भेटिन्छ।

**बाँस प्रयोग विश्वबाट सिक्ने समय**

विश्वका धेरै मुलुकले बाँसलाई विकासको रणनीतिक स्रोतका रूपमा उपयोग गरिरहेका छन्। चीनले पहिरो प्रभावित भूभाग पुनर्स्थापना, नदी किनार संरक्षण र ग्रामीण उद्योग विकासमा बाँसलाई राष्ट्रिय नीतिसँग जोडेको छ। भारतका उत्तरपूर्वी राज्यहरू, फिलिपिन्स, केन्या र इथियोपियाले पनि भूक्षय नियन्त्रण, जलाधार व्यवस्थापन र समुदायको जीविकोपार्जन सुधारमा बाँसमा आधारित जैविक इन्जिनियरिङलाई सरकारी कार्यक्रमकै रूपमा अघि बढाएका तथ्यांकमरू छन्। विभिन्न देशले ठुल्ठुला भवन, विमानस्थल र संरचना बनाई बाँसको उपयोगिता र स्थायित्वलाई पुष्टि गरिसकेका छन्।

नेपालमा भने अवस्था फरक छ। नागरिकले बाँसको दीर्घकालीन महत्त्व र यसको प्रभावकारिता बुझेका छैनन्। नेपाल सरकारले नीतिगत ढंगबाट बाँसको प्रयोगलाई प्राथमिकतामा राखेको देखिँदैन। समस्या भएपछि उपचार गर्नेभन्दा समस्या आउन नदिने प्रकृतिमा आधारित सोच र लगानीको विकास गर्न सके राज्यको खर्च घट्नुका साथै विकास पनि प्रकृतिमैत्री र दिगो बन्न सक्छ।

**नेपालका लागि नीतिगत अवसर**

नेपाल विश्वका संवेदनशील पहाडी मुलुकमध्येको एउटा देश हो। जलवायु परिवर्तनका कारण छोटो अवधिमा अत्यधिक वर्षा हुने क्रम दिनानुदिन बढिरहेको छ। अव्यवस्थित सडक निर्माण, वन विनाश र नदीजन्य पदार्थको अनियन्त्रित उत्खननले प्राकृतिक जोखिम झन् बढाएको छ।

यस्तो अवस्थामा हिमालदेखि तराईसम्म पाइने स्थानीय बाँसका प्रजातिलाई वैज्ञानिक रूपमा उपयोग गर्न सके सडकको स्थायित्व, नदी किनारमा कटान, पहिरो प्रभावित क्षेत्र संरक्षण, सार्वजनिक जग्गाको सुरक्षा र जलाधार संरक्षणमा उल्लेखनीय सुधार ल्याउन सकिन्छ। बाँसले माटो जोगाउँदै पानीको मुहान, जैविक विविधता र ग्रामीण जीविकोपार्जनलाई समेत दीर्घकालीन आधार प्रदान गर्छ। त्यसैले बाँसलाई वनको उत्पादनका रूपमा मात्रै नहेरी तत्कालै राष्ट्रिय भूसंरक्षण रणनीतिको अभिन्न अंगका रूपमा विकास गर्ने समय आएको छ।

**स्थानीय पहलदेखि राष्ट्रिय नीतिसम्म**

नेपालमा बाँसको सम्भावनालाई नीतिगत रूपमा स्थापित गर्ने प्रयास पछिल्ला केही वर्षयता स्थानीय तहबाट पनि सुरु भएको छ। दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाले जलवायु परिवर्तन अनुकूलन, भूसंरक्षण, जैविक विविधता संरक्षण र हरित अर्थतन्त्रसँग बाँसलाई जोड्दै विभिन्न नीति तथा कार्ययोजना अघि सारेको छ। खोटाङमा पहिलो राष्ट्रिय बाँस सम्मेलनको आयोजना, बाँसको संरचनागत प्रयोगका लागि मापदण्ड निर्माणको पहल तथा यस विषयमा राष्ट्रिय बहस सिर्जना गर्ने प्रयास यही सोचका परिणाम हुन्।

गतवर्ष साउन ११ गतेदेखि १८ गतेसम्म बाँसलाई राष्ट्रिय विकास नीतिमा समावेश गर्नुपर्ने मागसहित काठमाडौंको माइतीघर मण्डलामा आमरण अनशनसमेत गरिएको थियो। त्यो कुनै व्यक्ति वा स्थानीय तहको मात्र मुद्दा थिएन। नेपालको माटो, पानी, संस्कृति, र भावी पुस्ताको भविष्यसँग जोडिएको सार्वजनिक सरोकारको विषय थियो। विश्वमा जलवायु परिवर्तनको चुनौती बढ्दै जाँदा त्यो सशक्त दबाब अझ सान्दर्भिक बन्दै गएको छ।

**नीतिगत निर्णय आजको आवश्यकता**

नेपालमा सडक, पुल र भवन निर्माणका लागि स्पष्ट मापदण्ड बनेका छन्। तर भूसंरक्षण र जैविक इन्जिनियरिङलाई विकास आयोजनाको अनिवार्य अंग बनाउने प्रभावकारी व्यवस्था अझै बनेको छैन। बनाइएका नीतिहरू पनि व्यवहारमा कार्यान्वयन भएको पाइँदैन। त्यसैले कृषि, वन तथा पर्यावरण मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय र सबै तहका सरकारले समन्वय गरी राष्ट्रिय बाँस तथा जैविक भूसंरक्षण अभियान सञ्चालन गर्नु आवश्यक छ। नयाँ सडक निर्माण गर्दा सडक किनारमा स्थानीय प्रजातिका बाँस तथा अन्य उपयुक्त वनस्पति रोप्ने नीतिगत व्यवस्था अनिवार्य गरिनुपर्छ। नदी किनार, पहिरो प्रभावित र जलाधार क्षेत्रमा योजनाबद्ध रोपण कार्यक्रम सञ्चालन गर्नुपर्छ। स्थानीय तहमा बाँस नर्सरी स्थापना, अनुसन्धानमा लगानी, बाँसमा आधारित कुटिर उद्योगलाई प्रोत्साहन तथा विकास आयोजनामा जैविक इन्जिनियरिङको प्रयोगलाई संस्थागत गर्न सके भूसंरक्षण अभियानले दीर्घकालीन परिणाम दिन सक्छ।

*-भट्टराई दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाका नगर प्रमुख हुन्।*

# मनमोहन भास्कुलरमा शल्यक्रिया गर्न आठ महिना कुर्नुपर्ने

**पवित्रा सुनार**
*काठमाडौं, साउन २७*

मंगलबार मनमोहन कार्डियोथोरासिक, भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टरमा कास्कीका २५ वर्षीय युवा रनबहादुर थापा (नाम परिवर्तन) पुगेका थिए। चिकित्सकलाई समस्या देखाए। चिकित्कसले शल्यक्रिया गर्नुपर्ने बताए। शल्यक्रियाको पालो माग्दा जनरलतिर चैतमा र विस्तारित सेवामा पुससम्म पालो आउने चिकित्सकले बताए। आठ महिनापछि मात्र पालो आउने भनेपछि थापा अलमलमा परे। डाक्टरले लामो समय कुर्न नसके त्यसको विकल्प निजी अस्पताल रहेको जानकारी दिए।

पालो पाउन आठ महिना लाग्ने उनी एकजना बिरामी हैनन्। भास्कुलर विभागका अनुसार नशा फुलेको पालो पाउन सबैलाई आठ महिना लाग्छ। 'हामीकहाँ बिरामीको चाप छ। पालो पाउन सबैलाई मुस्किल छ', शल्यक्रियाको पालो तोकिरहेका डा. रजत प्रधानले बताए। विभागका अनुसार बिरामीको चापको अनुपातमा भास्कुलर (नशा) सर्जन कम भएकाले शल्यक्रिया गर्नुपर्ने कुनै पनि बिरामीले छिटो पालो आउँदैन।

अस्पताल निर्देशक रत्नमणि गजुरेलले भास्कुलरमा पनि सबैभन्दा बढी भेरिकोज भेनका बिरामी बढी आउँछन्। उनीहरूको स्थितिअनुसार मात्र पालो आउँछ नत्र ६ देखि ७ महिना लाग्छ। उनका अनुसार यो विभागमा जनशक्तिभन्दा बिरामीको चाप बढी भएकाले शल्यक्रियाको पालो पाउनै गाह्रो छ। अन्य अस्पतालमा पनि उपचार हुने भए पनि यस अस्पतालको विशिष्टीकृत सेवाप्रतिको विश्वासका कारण बिरामीको चाप बढ्दो छ। 'अन्यत्र सेवा भए पनि बिरामी हामीकहाँ नै आउँछन्', निर्देशक गजुरेलले भने।

अस्पतालका भास्कुलर सर्जन तथा सहायक प्राध्यापक डा. कजन श्रेष्ठका अनुसार बिरामीको चापअनुसार जनशक्ति कम भएकाले बिरामीलाई समयमै सेवा दिन कठिन भएको हो। यो विभागमा सातामा औसत चार सय ५० जना बढी बिरामी सेवा लिन आउँछन्। आएकामध्ये ६० प्रतिशत शल्यक्रिया गर्ने खालका हुन्छन्। यो हिसाबले सातामै दुई सय ५० जना शल्यक्रिया गर्नुपर्ने खालका बिरामी हुन्छन्।

अस्पतालको जनशक्ति र शल्यक्रिया थिएटरको क्षमताले सातामा ६० जनाभन्दा बढीको शल्यक्रिया गर्न सम्भव छैन। ती ६० जना पनि विस्तारित सेवाअन्तर्गत थप समय दिएर मात्र शल्यक्रिया सम्भव भएको हो। यीमध्ये तुरुन्तै ज्यानको जोखिम भएका बिरामीले प्राथमिकता पाउँछन्। यो हिसाबले पनि पालो पाउन मुस्किल हुन्छ। शल्यक्रियाको पालो पाउने कम प्राथमिकतामा भेरिकोज भेनका बिरामी पर्छन्।

नेपालमा जनशक्ति कम रहेको र भएका पनि अवसरको खोजीमा विदेश जाने प्रवृत्तिले जनशक्तिको खडेरी नै छ। यहाँ सेवा दिइरहेका जनशक्तिमध्ये सातजना बेलायत, अमेरिकालगायतका देशमा गइसकेका छन् भने एकजना वरिष्ठ चिकित्सक डा. उत्तमकृष्ण श्रेष्ठले अवकाश लिएका छन्। नेपालमा जम्मा ११ जना नेपाल भास्कुलर सोसाइटीमा आबद्ध छ। यो तथ्यांकले पनि जनशक्ति नभएको पुष्टि हुने डा. श्रेष्ठ बताउँछन्।

यो विशिष्टीकृत सेवा भएको र यो विषयको छुट्टै अध्यापन नहुने भएकाले पनि जनशक्ति कम भएको डा. श्रेष्ठ बताउँछन्। उनका अनुसार चिकित्साशास्त्र अध्ययन संस्थानमा यो विषय कार्डियोथोरासिक एन्ड भास्कुलरभित्रै अध्यापन हुने भएकाले पनि अध्ययन पनि झन्झटिलो बनेको छ। त्यसमा पनि जनरल सर्जरीमा एमडी गरेपछि थप तीन वर्ष यो विषय अध्ययन गर्न चिकित्सक चाहँदैनन्। 'छिटो पढाइ सक्ने र छिटो कमाउने सोचका चिकित्सक छन्। थप तीन वर्ष पर्खेर अध्ययन गर्न चाहने पनि छैनन्', उनले भने। यो वर्ष संस्थानले राखेको सिटमा पनि अध्ययनका लागि फाराम भर्न कोही नआएको उनले सुनाए।

नशाको सर्जरी गर्ने कार्य जोखिमयुक्त र सोअनुसार सेवासुविधा नभएकाले पनि चिकित्सकहरूले देशमा बस्न नचाहेको उनको अनुभव छ। 'शल्यक्रियाका क्रममा नशा फुटेर बिरामीको मृत्यु पनि हुन सक्छ। डाक्टरको सुरक्षा पनि छैन', उनले भने।

यो विधाका चिकित्सकलाई टिकाइराख्न केन्द्रले प्रयास गरेको भए पनि असफल भएको निर्देशक गजुरेल बताउँछन्। 'चिकित्सक टिकिराखून् भनेर स्थायी गर्ने, फेलोसिप अध्ययनका लागि पढ्न पठाउने गरिएको छ, तर टिक्दैनन्', उनले भने। यो विधाका चिकित्सक टिकाइराख्न यो विषयको मात्र अध्यापन हुनुपर्ने र समयसुहाउँदो सेवा सुविधा सुनिश्चित गर्नुपर्ने उनको भनाइ छ।

# व्यवसायीले निकुञ्जकसँग मागे हात्तीलाई घाँस

**वसन्त ढुंगाना**
*चितवन, साउन २७*

चितवनको सौराहामा निजी क्षेत्रबाट पालिएका हात्तीका लागि चितवन राष्ट्रिय निकुञ्जभित्रको घाँस उपलब्ध गराउन व्यवसायीले माग गरेका छन्। निकुञ्जभित्र खेर जाने घाँस निश्चित क्षेत्रमा काटेर ल्याउन दिए निजी हात्तीको व्यवस्थापन सहज हुने उनीहरूको भनाइ छ।

१५औं अन्तर्राष्ट्रिय हात्ती दिवसका अवसरमा आयोजित कार्यक्रममा युनाइटेड हात्ती सञ्चालन सहकारी संस्थाका अध्यक्ष दीपेन्द्र खतिवडाले निजी हात्तीका लागि चरिचरणको व्यवस्था गर्न माग गरे। धान, परालगायतका खाना दिने गरिए पनि हरियो घाँस सहजरूपमा उपलब्ध हुन नसकेको उनले बताए। 'निजी हात्तीलाई चरिचरणको क्षेत्र कम छ। हाम्रा हात्तीले पेटभरि हरिया घाँस खान पाएका छैनन्,' उनले भने, 'राज्यले निश्चित रकममा खेर जाने घाँस काट्न दिने नियम बनाउनुपर्दछ।'

सहकारी संस्थाका निवर्तमान अध्यक्ष ऋषि तिवारीका अनुसार अहिले सौराहामा करिब ५५ वटा निजी हात्ती छन्। करिब १० वर्षअघि निजी हात्तीको संख्या ७० हाराहारीमा थियो। 'हामीले २० वर्षदेखि निजी हात्तीका लागि घाँसको व्यवस्थापन गरिदिन अनुरोध गर्दै आएका छौं', तिवारीले भने, 'निकुञ्जको निश्चित क्षेत्रमा माउतेलाई पठाएर घाँस काट्न दिने व्यवस्था गरिए त्यसको शुल्क तिर्न व्यवसायी तयार छन्।'

उनका अनुसार एउटा हात्ती पाल्न मासिक एक लाख २० हजारजति खर्च हुन्छ। एउटा हात्तीलाई दैनिक १५ देखि २० किलो धान, ठूलो परिमाणमा पराल, सक्खर र अन्य खाद्य सामग्री आवश्यक पर्ने उनले बताए। हरियो घाँस नपाउँदा पराल खरिद गरेर खुवाउनुपरेको र पौष्टिक खानाको अभावले हात्तीमा स्वास्थ्य समस्या देखिन सक्ने व्यवसायीको भनाइ छ।

तिवारीले पर्यटकीय गतिविधिसँग नजोडिएको भए निजी हात्ती पाल्न कठिन हुने बताए। कोरोना महामारीका बेला पर्यटक नआउँदा हात्ती पाल्न नसकेर छाड्ने अवस्थामा पुगेको स्मरण गर्दै उनले पर्यटनबाट हुने आम्दानीले हात्तीको संरक्षणमा सहयोग पुगेको बताए। हात्ती व्यवसायी नगेन्द्र चापागाईंले निकुञ्ज क्षेत्रमा खेर जाने घाँस व्यवस्थित रूपमा उपलब्ध गराउन सके निजी हात्ती पाल्न सहज हुने बताए। उनका अनुसार अहिले निजी हात्तीले हरियो घाँस सहज रूपमा खान नपाउँदा व्यवसायीले बाहिरबाटै घाँस र परालको व्यवस्थापन गर्दै आएका छन्।अहिले हात्तीको बिमासमेत छैन। एउटा हात्तीको मृत्यु भएमा डेढ करोड रुपैयाँ बराबर क्षति हुने व्यवसायीको भनाइ छ। पालनपोषण राम्रो नहुँदा हात्तीमा रोगसमेत देखा पर्दै आएको उनले बताए। चितवन घुम्न आउने पर्यटकलाई घुमाउन निजी हात्ती मात्र प्रयोग गरिन्छ।

चितवन राष्ट्रिय निकुञ्जका प्रमुख डिलबहादुर पुर्जा पुनमगरले हात्तीको कल्याण र व्यवस्थापनका विषयमा देखिएका समस्या समाधानका लागि निकुञ्जले पहल गर्ने बताए। हात्तीको जीवनचक्र र आवश्यकता बुझेर व्यवस्थापन गर्नुपर्ने भन्दै उनले निजी तथा सरकारी दुवै हात्तीको कल्याणमा ध्यान दिनुपर्ने बताए। 'हामीले हात्ती पाल्न थालेको ४० वर्षजति भएको छ। सय वर्ष बाँच्ने हात्तीको आनिबानीबारे अझै पूर्णरूपमा जानाकारी हामीलाई छैन', उनले भने, 'हात्तीको आवश्यकता बुझेर यसको व्यवस्थापनमा हामी लाग्नुपर्दछ।'

कप्तानगन्ज घटना

# रवीन्द्रको दाहसंस्कार कप्तानगन्ज बजारमै

**अमर खड्का**
*इटहरी, साउन २७*

सरकारले सुनसरी देवानगन्ज- ३ को कप्तानगन्जमा भएको घटनामा मृत्यु भएकालाई सहिद घोषणा गरेसँगै रवीन्द्र मेहताको बुधबार अपरान्ह दाहसंस्कार गरिएको छ। १९ वर्षीय रवीन्द्रको शव काठमाडौंबाट सेनाको हेलिकोप्टरले देवानगन्ज ल्याएपछि दाहसंस्कार गरिएको हो।

रवीन्द्रको मृत्यु साउन १९ गते भएको थियो। उनको मृत्युपछि सरकारले सहिद घोषणा नगरे अनि दोषीमाथि कारबाही नभएसम्म शव नबुझ्ने परिवारको अडानले त्रिवि शिक्षण अस्पताल महाराजगन्जमै रहेको थियो। सरकारले मंगलबार उनीसहित सुनसरी र सिरहामा मृत्यु भएका चारजनालाई सहिद घोषणा गरेपछि शव बुझेर दाहसंस्कार भएको हो। सेनाको हेलिकोप्टरले उनको शव बुधबार बिहान १० बजेर ४३ मिनेटमा ल्याएको थियो। त्यसपछि उनको शवलाई देवानगन्ज गाउँपालिका परिक्रमा गराई अपरान्ह ४.३० बजे दाहसंस्कार गरिएको हो। गाउँपालिका अध्यक्ष वेचन मेहताका अनुसार जहाँ दुईपक्षीय झडप भएको सोही स्थानमा दाहसंस्कार गरिएको हो। यसअघि देवानगन्जको कप्तानगन्ज घटनामा मृत्यु भएका २५ वर्षीय ओमप्रकाश मेहता र २१ वर्षीय जयप्रकाश मेहताको पनि सोही स्थानमा दाहसंस्कार भएको थियो।

दाहसंस्कार गरिएको स्थानमा तीनैजनाको नाममा स्मृति पार्क निर्माण गरिने भएको छ। स्मृति पार्क निर्माणका लागि संघीय सरकारले पनि बजेट छुट्याउने वचन दिएको छ। संघीय सरकारले बजेट नछुट्याए पनि गाउँपालिकाले २५ लाख खर्चेर यही चालु वर्षमा काम थाल्ने योजना बनाएको गाउँपालिका अध्यक्ष मेहताले बताए। देवानगन्जमा साउन १० गते भएको दुईपक्षीय झडपबाट सुरु भएको हिंसात्मक घटनामा मृत्यु भएका २५ वर्षीय ओमप्रकाश मेहता, २१ वर्षीय जयप्रकाश मेहता र १९ वर्षीय रवीन्द्र मेहतालाई सरकारले मंगलबार सहिद घोषणा गरेको थियो। यस्तै, सिरहामा मृत्यु भएका गणेशकुमार यादवलाई पनि सरकारले सहिद घोषणा गरेको थियो।

## कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको सानिमा बैंक लिमिटेड, हेटौडा शाखाको ३५ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८३/०४/२८ गते)

काठमाडौं, साउन २७ (नागरिक)- नेपालमा प्रत्यक्ष वैदेशिक लगानी (एफडिआई) अपेक्षित रूपमा भित्रिन नसक्नुमा प्रशासनिक जटिलता प्रमुख बाधक रहेको सरोकारवालाले बताएका छन्। नेपाल अटोमोबाइल इम्पोटर्स एन्ड म्यानुफ्याक्चर्स एसोसिएसन (नाइमा)ले मंगलबार आयोजना गरेको 'नाइमा मोबिलिटी संवाद'मा विदेशी लगानी आकर्षित गर्न आन्तरिक लगानीकर्ताको मनोबल उच्च बनाउनुपर्नेमा जोड दिइएको हो। नेपाल राष्ट्र बैंक आर्थिक अनुसन्धान विभागका प्रमुख सत्येन्द्र तिमिल्सिनाका अनुसार गत वर्ष नेपालमा करिब १२ अर्ब रुपैयाँ एफडिआई भित्रिएको थियो। सोही अवधिमा करिब चार अर्ब रुपैयाँ लाभांशका रूपमा बाहिरिएको जानकारी उनले दिए। राष्ट्र बैंकका अनुसार नेपालमा हालसम्मको कुल एफडिआई मौज्दात ३४० अर्ब रुपैयाँ पुगेको छ। कुल लगानीमा भारतको हिस्सा ५६-५७ प्रतिशत छ।

क्षेत्रगत रूपमा उत्पादनमूलक उद्योग, जलविद्युत् तथा बैंक तथा वित्तीय संस्थामा मात्रै करिब ८० प्रतिशत एफडिआई केन्द्रित छ। उद्योगमा ५६ र सेवा क्षेत्रमा ४४ प्रतिशत लगानी रहेको तिमिल्सिनाले बताए। उनका अनुसार एफडिआईलाई वित्तीय स्रोतका रूपमा मात्र नभई प्रविधि, व्यवस्थापन, सुशासन र उत्कृष्ट अभ्यास भित्र्याउने माध्यमका रूपमा हेर्नुपर्छ।

## मोन्ट्रा इलेक्ट्रिकको 'सुपर अटो' नेपालमा सार्वजनिक



काठमाडौं, साउन २७ (नागरिक)- भारतीय विद्युतीय व्यावसायिक सवारी ब्रान्ड मोन्ट्रा इलेक्ट्रिकले नेपालमा आफ्नो पहिलो अन्तर्राष्ट्रिय बजार विस्तार गर्दै यात्रुवाहक इलेक्ट्रिक थ्री ह्विलर 'सुपर अटो' सार्वजनिक गरेको छ। कम्पनीले मंगलबार काठमाडौंमा सुपर अटोको पहिलो ब्याच सार्वजनिक गरेको हो।

नेपालका लागि आधिकारिक राष्ट्रिय वितरक एचआइपिसीओ ट्रेडिङ प्रालिमार्फत मोन्ट्रा इलेक्ट्रिक नेपाल प्रवेश गरेको हो। कार्यक्रममा राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद आशिष गजुरेलले सुपर अटो सार्वजनिक गरेका थिए।

कम्पनीका अनुसार नेपाली सडक, भूगोल र स्थानीय आवश्यकतालाई ध्यानमा राखेर सुपर अटोको इन्जिनियरिङ विकास तथा परीक्षण गरिएको हो। पूर्ण डिजिटल इन्स्ट्रुमेन्ट क्लस्टर र विभिन्न ड्राइभ मोडसहितको यो थ्री ह्विलर नेपालको उच्च तथा कठिन भू-भागका लागि उपयुक्त हुने दाबी कम्पनीको छ।

मोन्ट्रा इलेक्ट्रिकले विद्युतीय मोबिलिटीमार्फत स्वदेशमा उत्पादित विद्युत्को उपयोग बढाइ आयातित पेट्रोलियम इन्धनमाथिको निर्भरता घटाउन सकिने जनाएको छ। कम सञ्चालन तथा मर्मतसम्भार खर्चका कारण इलेक्ट्रिक थ्री ह्विलरले चालक तथा फ्लिट सञ्चालकको कुल स्वामित्व लागत घटाउने कम्पनीको भनाइ छ।

## नाइमा मोबिलिटी एक्स्पोमा २९ हजारभन्दा बढी अवलोकनकर्ता

NAIMA NEPAL mobility Expo' 2026
Nepal's Largest Auto Expo
AUGUST 11th to 16th, 2026 | SHRAWAN 26th to 31st, 2083
BHRIKUTI MANDAP, KATHMANDU

काठमाडौं, साउन २७ (नागरिक)- नेपाल अटोमोबाइल इम्पोर्टर्स एन्ड म्यानुफ्याक्चरर्स एसोसिएसन (नाइमा) ले आयोजना गरेको 'नाइमा नेपाल मोबिलिटी एक्स्पो २०२६' को मंगलबार औपचारिक उद्घाटन भएको छ। नेपाल प्रहरी क्लबस्थित ब्लु पेभिलियन अडिटोरियम हलमा विशेष कार्यक्रमबिच एक्स्पोको उद्घाटन गरिएको हो। आयोजकका अनुसार पहिलो दिनमै २९ हजारभन्दा बढीले एक्स्पो अवलोकन गरेका छन्।

स्पेसल प्यानल अफ गेस्टबाट उद्घाटन गरिएको कार्यक्रममा नाइमा अध्यक्ष ऋतुसिंह वैद्यले एक्स्पोलाई सवारीसाधन बिक्रीको थलोमा सीमित नराखी सम्पूर्ण मोबिलिटी इकोसिस्टमलाई एउटै स्थानमा जोड्ने साझा मञ्चका रूपमा विकास गर्न खोजिएको बताइन्। उनले पटक-पटक परिवर्तन हुने नीतिगत व्यवस्थाले व्यवसायमा अनिश्चितता बढाएको भन्दै निजी क्षेत्रसँग छलफल गरेर मात्र नीति परिवर्तन गर्न सरकारलाई आग्रह गरिन्। कार्यक्रममा प्रहरी महानिरीक्षक क्याप्टेन कार्कीले व्यवसायीलाई सवारी बिक्रीमा मात्र केन्द्रित नभई सडक सुरक्षा र सामाजिक उत्तरदायित्वमा समेत ध्यान दिन सुझाव दिए। उनले ब्रान्डहरूले बिक्रीपछिको सेवामा विशेष ध्यान दिनुपर्ने बताए। नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष अञ्जन श्रेष्ठले सरकारले अटोमोबाइल क्षेत्रलाई सधैं राजस्वको स्रोतका रूपमा मात्र हेर्न नहुने बताए।

## राष्ट्रिय सहकारी बैंकको पुँजी पर्याप्तता ११.६६ प्रतिशत




काठमाडौं, साउन २७ (नागरिक)- राष्ट्रिय सहकारी बैंक लिमिटेडको पुँजी पर्याप्तता अनुपात (सिएआर) ११.६६ प्रतिशत पुगेको छ। आर्थिक वर्ष २०८२/८३ को चौथो त्रैमाससम्मको अपरिष्कृत वित्तीय विवरण सार्वजनिक गर्दै बैंकले नेपाल राष्ट्र बैंकले तोकेको न्यूनतम ८ प्रतिशतको सीमाभन्दा माथि पुँजी पर्याप्तता कायम गर्न सफल भएको जनाएको हो। अघिल्लो त्रैमाससम्म ४.४२ प्रतिशतमा सीमित रहेको पुँजी पर्याप्तता अनुपात छोटो अवधिमै ११.६६ प्रतिशत पुग्नुलाई बैंकले वित्तीय स्थायित्व तथा जोखिम वहन क्षमता सुधारको महत्त्वपूर्ण उपलब्धि मानेको छ। यसले बैंकले विगतका चुनौती पार गर्दै पुँजी आधार मजबुत बनाउँदै लगेको देखिन्छ।

वित्तीय विवरणअनुसार बैंकले चौथो त्रैमाससम्म करिब ४९ करोड रुपैयाँ खुद नाफा आर्जन गरेको छ। अघिल्लो आर्थिक वर्ष घाटामा रहेको बैंक चालु वर्ष नाफामा फर्किएको हो। बैंकको खुद ब्याज आम्दानीसमेत बढेर ७८ करोड रुपैयाँभन्दा बढी पुगेको छ। सञ्चालन आम्दानी र सञ्चालन नाफामा समेत सुधार देखिएको बैंकले जनाएको छ। वित्तीय आधार मजबुत हुँदै गएसँगै समग्र व्यावसायिक गतिविधिमा सकारात्मक प्रभाव परेको व्यवस्थापनको भनाइ छ।

## एनआइसी एसिया क्यापिटलले ५० प्रतिशत नगद लाभांश दिने

NIC ASIA CAPITAL

काठमाडौं, साउन २७ (नागरिक)- एनआइसी एसिया क्यापिटल लिमिटेडले आर्थिक वर्ष २०८२/८३ को नाफाबाट ५० प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव गरेको छ। कम्पनीको सञ्चालक समितिको १७४औं बैठकले लाभांश वितरणसहित १०औं वार्षिक साधारणसभा बोलाउने निर्णय गरेको हो।

कम्पनीका अनुसार साधारणसभा भदौ २६ गते अर्थात् सेप्टेम्बर ११, २०२६ शुक्रबार बिहान ९ बजे थापाथलीस्थित कम्पनीको रजिस्टर्ड कार्यालयमा आयोजना हुने जनाएको छ। सभामा आर्थिक वर्ष २०८२/८३ को सञ्चालक समितिको वार्षिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने प्रस्ताव रहेको छ। सभाले सञ्चालक समितिले प्रस्ताव गरेअनुसार चुक्ता पुँजीको ५० प्रतिशत नगद लाभांश करसहित वितरण गर्ने प्रस्तावसमेत अनुमोदन गर्नेछ। लाभांश वितरणसँगै कम्पनीको अन्य प्रस्तावमाथि समेत छलफल गरी निर्णय गरिने जनाइएको छ। प्रविधिमार्फत सेवा विस्तारलाई प्राथमिकता दिँदै आएको क्यापिटलले 'अब लाइनमा होइन, क्यापिटलको सेवा अनलाइनमा' भन्ने नारासहित अधिकांश सेवा अनलाइनमार्फत उपलब्ध गराउने व्यवस्था गरेको जनाएको छ। आर्थिक वर्षको अन्त्यसम्म क्यापिटलबाट प्रदान हुने अधिकांश सेवा अनलाइनमार्फत उपलब्ध गराउन सफल भएको कम्पनीको दाबी छ।

## नाइमा एक्स्पोमा टाटाको नयाँ पञ्च र टियागो इभी




काठमाडौं, साउन २७ (नागरिक)- सिप्रदी ट्रेडिङ प्रालिले नाइमा नेपाल मोबिलिटी एक्स्पो २०२६ मा नयाँ पञ्च इभी र टियागो इभी सार्वजनिक गरेको छ। काठमाडौंको भृकुटीमण्डपमा जारी एक्स्पोमा सार्वजनिक गरिएका दुवै विद्युतीय गाडीमा बुकिङ गर्ने ग्राहकलाई कम्पनीले विशेष मूल्य र विस्तारित वारेन्टीको सुविधा दिएको छ। नयाँ पञ्च इभीको नियमित सुरुवाती मूल्य ३३ लाख ९९ हजार रुपैयाँ तोकिएको छ। एक्स्पो अवधिभर बुकिङ गर्ने ग्राहकले भने ३२ लाख ९९ हजार रुपैयाँमा खरिद गर्न सक्नेछन्। नयाँ टियागो इभीको सुरुवाती मूल्य २८ लाख ९९ हजार रुपैयाँ रहेको छ। दुवै मोडलमा बुकिङ गर्ने ग्राहकलाई ११ वर्ष वा दुई लाख २० हजार किलोमिटरसम्मको विशेष वारेन्टी उपलब्ध हुने कम्पनीले जनाएको छ।

नयाँ पञ्च इभी 'एक्ट डट इभी' प्लेटफर्ममा आधारित छ। यसमा ३२ र ४० किलोवाट-आवरका दुई ब्याट्री विकल्प छन्, जसले नेपालमा गरिएको परीक्षणअनुसार एकपटक चार्जमा ३०० देखि ३२५ किलोमिटरसम्म रेन्ज दिने कम्पनीको दाबी छ।

## रिलायबल नेपाल लाइफका उत्कृष्ट अभिकर्ता सम्मानित




काठमाडौं, साउन २७ (नागरिक)- रिलायबल नेपाल लाइफ इन्स्योरेन्सले उत्कृष्ट कार्यसम्पादन गर्ने अभिकर्तालाई सम्मान गरेको छ। कम्पनीले बुढानीलकण्ठस्थित लेमन ट्री प्रिमियरमा शुक्रबारदेखि आइतबारसम्म आयोजना गरेको अभिकर्ता सम्मान कार्यक्रममा देशभरका उत्कृष्ट अभिकर्ताको सहभागिता रहेको थियो। कम्पनीको व्यवसाय विस्तार र बिमा सेवाको प्रवर्धनमा योगदान पुर्‍याउने अभिकर्तामध्ये मिलियन डलर राउन्ड टेबल (एमडिआरटी) हासिल गर्ने, मेगा स्टार उपाधि प्राप्त गर्ने तथा सिनियर एजेन्सी म्यानेजरलाई सम्मानपत्र र मायाको चिनोसहित सम्मान गरिएको कम्पनीले जनाएको छ।

कार्यक्रममा प्रा.डा. भगवान कोइराला र डा. विष्णुप्रसाद रेग्मीले स्वास्थ्य, जीवन र पेशागत विकाससम्बन्धी उत्प्रेरणामूलक प्रस्तुति दिएका थिए।

## नाइमा एक्स्पोमा सिद्धार्थ बैंकको विशेष सवारी कर्जा योजना

काठमाडौं, साउन २७ (नागरिक)- नाइमा नेपाल मोबिलिटी एक्स्पो २०२६ को अवसरमा सिद्धार्थ बैंक लिमिटेडले सवारी साधन खरिदका लागि विशेष कर्जा योजना सार्वजनिक गरेको छ। नेपाल अटोमोबाइल इम्पोर्टर्स एन्ड म्यानुफ्याक्चरर्स एसोसिएसन (नाइमा) ले आयोजना गरेको एक्स्पोमा बैंकले बैंकिङ पार्टनरका रूपमा सहभागी हुँदै उक्त योजना ल्याएको हो। बैंकका अनुसार एक्स्पो अवधिभर सवारीसाधन खरिदका लागि कर्जा लिने ग्राहकलाई ०.५ प्रतिशत सेवा शुल्क (प्रोसेसिङ फी) र आधार दरमा थप १ प्रतिशत प्रिमियमको ब्याजदरमा कर्जा सुविधा उपलब्ध गराइनेछ। यो विशेष योजना २६ साउनदेखि ३१ साउनसम्म अर्थात् ११ देखि १६ अगस्ट २०२६ सम्म सञ्चालन हुने एक्स्पो अवधिभर लागु हुनेछ।

सवारी साधन खरिद गर्न इच्छुक ग्राहकले एक्स्पोमा सहभागी भई बैंकको विशेष कर्जा योजनाको लाभ लिन सक्ने बैंकले जनाएको छ। प्रतिस्पर्धी ब्याजदर र सहज प्रक्रियामार्फत ग्राहकलाई आवश्यकताअनुसार सवारीसाधन खरिदमा सहयोग पुग्ने बैंकको विश्वास छ।

## एनसेल छानबिन प्रतिवेदन सार्वजनिक

काठमाडौं, साउन २७ (नागरिक)- सरकारले एनसेलको सेयर खरिद-बिक्री छानबिन प्रतिवेदन सार्वजनिक गरेको छ। मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले पूर्वमहालेखापरीक्षक टंकमणि शर्मा दंगालको संयोजकत्वमा गठित छानबिन समितिले तयार गरेको प्रतिवदेन सार्वजनिक गर्ने निर्णय गरेको थियो। त्यसलेगतै सूचना तथा सञ्चार मन्त्रालयले बुधबार सो प्रतिवेदन सार्वजनिक गरेको हो।

झन्डै तीन वर्षअघि तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको सरकारले पूर्वमहालेखापरीक्षक टंकमणि शर्माको संयोजकत्वमा एनसेलको सेयर खरिद-बिक्रीसम्बन्धी अध्ययन गर्ने समिति बनाएको थियो। सो समितिले प्रतिवेदन बुझाए पनि अघिल्ला सरकारले सार्वजनिक गरेका थिएनन्।

सूचना तथा सञ्चार मन्त्रालयले सार्वजनिक गरेको प्रतिवेदनमा विशेषगरी, एनसेल आजियाटाको सेयर खरिद-बिक्रीसम्बन्धी अध्ययन तथा छानबिन समितिले पहिलो, प्राइभेट कम्पनीका रूपमा सञ्चालन हुँदै आएको एनसेल २०७७ मा पब्लिक कम्पनीमा परिणत भएपछि विवाद उत्पन्न भएपछि सरकारले छानबिन समिति गठन गरेको थियो।

## एनएमबि बैंक लिमिटेड, बबरमहल, काठमाण्डौंको गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

**(प्रकाशित मितिः २०८३।०४।२८ गतेको नागरिक राष्ट्रिय दैनिक)**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट तपसिलमा उल्लेखित सम्पत्तिहरु धितो सुरक्षण राखी बिभिन्न कर्जा शिर्षक अन्तर्गत कर्जा लिएकोमा तोकिएको म्याद भित्र सो कर्जा भुक्तानी नगरेको र कर्जा भुक्तानी गर्न यस बैंकबाट ऋणीहरुलाई बारम्बार तरताकेता गर्दा तथा बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्रीको लागि बिभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरीएकोमा उक्त धितोको सम्पत्तिहरु लिलाम बिक्री हुन नसकेकोले पूनः धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। बैंकको सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु खरिद गर्न इच्छुक महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ। तोकिएको मिति र समयभित्र प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनका दिन अर्थात मिति २०८३।०५।०४ मा (उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन) दिनको १:०० बजे यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा खोलिने हुँदा बोलपत्र प्रस्तुतकर्ता स्वयं वा आधिकारिक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ। साथै धितो लेखिदिनु हुने तथा व्यक्तिगत/संस्थागत जमानी दिनु हुने महानुभावहरुलाई पनि धितो लिलाम बिक्री हुने बारेको जानकारी यसै सूचनाद्वारा गराईन्छ। तपसिलमा उल्लेखित धितोको लागि बोलपत्र पेश गर्न चाहने बोलपत्रकर्ताले ऋणी बमोजिम छुट्टा-छुट्टै कित्ताको लागि छुट्टा-छुट्टै रकम कबोल गरी बोलपत्र पेश गर्नु हुन अनुरोध गर्दछौं। प्रचलित कानूनको अधिनमा रही बैकले तोकेको शर्त लागु हुने गरी बोलपत्र मार्फत खरिद गर्ने सम्पत्तिमा बैंकले कर्जा सुविधा उपलब्ध गराउन सक्नेछ। गोप्य शिलबन्दी बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ। बोलपत्र फाराम यस बैंकको कर्जा असूली विभाग, नक्साल, काठमाण्डौंमा रु. १,०००।- तिरी खरिद गर्न सकिनेछ।

**तपसिल**

**ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र लिलाम हुने धितोको विवरणः**

**१. ऋणीको नामः शिवम् कृषि फर्म प्रा.लि.** **कर्जा शिर्षकः** ओभरड्राफ्ट सुविधा र डिमाण्ड कर्जा

(नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता रहेको), दर्ता नं. २६५६३१/०७८/०७९, दर्ता मितिः २०७८/०४/११, स्थायी लेखा नं. ६१००३२८३९, ठेगानाः धनुषा जिल्ला, गणेशमान चारनाथ न.पा. वडा नं. ६।

**शेयरधनी तथा व्यक्तिगत जमानतकर्ताः**

**भोला कुमार जयसवालः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १७-०१-७३-००४३१(२०७३/०१/१२/धनुषा), बाजेको नामः नारायण साहु कलवार, बाबुको नामः लाल बाबु जायसवाल, ठेगानाः धनुषा जिल्ला, गणेशमान चारनाथ न.पा. वडा नं. ७।

**व्यक्तिगत जमानतकर्ताहरुः**

**क. राजु प्रसाद जयसवालः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ९२८६३५५० (२०६३/०४/०७/धनुषा), बाजेको नामः नारायण साहु कलवार, बाबुको नामः लाल बाबु जायसवाल, ठेगानाः धनुषा जिल्ला, तल्लो गोदार गा.वि.स.वडा नं. ४ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, गणेशमान चारनाथ न.पा. वडा नं. ७।

**ख. जनक कुमार जयसवालः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १७१०४५/२०५ (२०६६/१२/०३/धनुषा), बाजेको नामः नारायण साहु कलवार, बाबुको नामः लाल बाबु जायसवाल, ठेगानाः धनुषा जिल्ला, तल्लो गोदार गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, गणेशमान चारनाथ न.पा. वडा नं. ७।

**ग. चन्दा चौधरी जयसवालः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १७-०१-७५-१५४५३(२०७५/१२/१७/धनुषा), बाबुको नामः सत नारायण चौधरी, ससुराको नामः लाल बाबु जायसवाल, पतिको नामः जनक कुमार जयसवाल, ठेगानाः धनुषा जिल्ला, गणेशमान चारनाथ न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, गणेशमान चारनाथ न.पा. वडा नं. ७।

**घ. मन्जु कुमारी कलवारः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १७-०१-७२-०९९५२(२०७२/१२/२१/धनुषा), बाबुको नामः युगल किशोर कलवार, ससुराको नामः लाल बाबु जायसवाल, पतिको नामः राजु प्रसाद जयसवाल, ठेगानाः धनुषा जिल्ला, गणेशमान चारनाथ न.पा. वडा नं. ७।

**ङ. सपना जायसवालः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १७१०४५/२१३९(२०६८/०५/१२/धनुषा), बाबुको नामः प्रदिप जायसवाल, ससुराको नामः लाल बाबु जायसवाल, पतिको नामः जितेन्द्र जायसवाल, ठेगानाः धनुषा जिल्ला, तल्लो गोदार गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, गणेशमान चारनाथ न.पा. वडा नं. ७।

**च. जितेन्द्र जायसवालः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १७९२८६३३३५ (२०६१/०९/०६/धनुषा), बाजेको नामः नारायण साहु कलवार, बाबुको नामः लाल बाबु जायसवाल, ठेगानाः धनुषा जिल्ला, तल्लो गोदार गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, गणेशमान चारनाथ न.पा. वडा नं. ७।

**छ. इन्द्रकला देवीः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ९२८६३५४९(२०६३/०४/०७/धनुषा), बाबुको नामः हरिहर प्रसाद जायसवाल, ससुराको नामः नारायण साहु कलवार, पतिको नामः लाल बाबु जायसवाल, ठेगानाः धनुषा जिल्ला, तल्लो गोदार गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, गणेशमान चारनाथ न.पा. वडा नं. ७।

**ज. लाल बाबु जायसवालः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ९२८६२४२४ (२०४५/०२/२८/धनुषा), बाजेको नामः बन्धु प्रसाद जयसवाल, बाबुको नामः नारायण साहु कलवार, ठेगानाः धनुषा जिल्ला, तल्लो गोदार गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, गणेशमान चारनाथ न.पा. वडा नं. ७।

**लिलाम हुने धितोको विवरणः**

नारायण साहु कलवारको नाति, लाल बाबु जयसवालको छोरा, धनुषा जिल्ला, तल्लो गोदार गा.वि.स.वडा नं. ४ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, गणेशमान चारनाथ न.पा. वडा नं. ७ बस्ने **राजु प्रसाद जयसवाल**को नाममा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, तल्लो गोदार गा.वि.स./न.पा. वडा नं. ६, नक्सा सिट नं. ६ख स्थित कि.न. ७०९ को क्षेत्रफल ०-८-५-० बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

**२. ऋणीको नामः शिवम हार्डवेयर** **कर्जा शिर्षकः** क्यास केडिट, चालुपूंजी कर्जा र डिमाण्ड कर्जा

(नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, जनकपुर, धनुषामा दर्ता रहेको), दर्ता नं. ७३३२/५०४/०७१/७२, दर्ता मितिः २०७१/०९/२१, स्थायी लेखा नं. ६०२९९५७०४, ठेगानाः धनुषा जिल्ला, लवटोली गा.वि.स. वडा नं. १।

**प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः**

**जितेन्द्र जायसवालः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १७९२८६३३३५ (२०६१/०९/०६/धनुषा), बाजेको नामः नारायण साहु कलवार, बाबुको नामः लाल बाबु जायसवाल, ठेगानाः धनुषा जिल्ला, तल्लो गोदार गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, गणेशमान चारनाथ न.पा. वडा नं. ७।

**व्यक्तिगत जमानतकर्ताहरुः**

**क. राजु प्रसाद जयसवालः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ९२८६३५५० (२०६३/०४/०७/धनुषा), बाजेको नामः नारायण साहु कलवार, बाबुको नामः लाल बाबु जायसवाल, ठेगानाः धनुषा जिल्ला, तल्लो गोदार गा.वि.स.वडा नं. ४ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, गणेशमान चारनाथ न.पा. वडा नं. ७।

**ख. जनक कुमार जयसवालः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १७१०४५/२०५ (२०६६/१२/०३/धनुषा), बाजेको नामः नारायण साहु कलवार, बाबुको नामः लाल बाबु जायसवाल, ठेगानाः धनुषा जिल्ला, तल्लो गोदार गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, गणेशमान चारनाथ न.पा. वडा नं. ७।

**ग. भोला कुमार जयसवालः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १७-०१-७३-००४३१(२०७३/०१/१२/धनुषा), बाजेको नामः नारायण साहु कलवार, बाबुको नामः लाल बाबु जायसवाल, ठेगानाः धनुषा जिल्ला, गणेशमान चारनाथ न.पा. वडा नं. ७।

**घ. इन्द्रकला देवीः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ९२८६३५४९(२०६३/०४/०७/धनुषा), बाबुको नामः हरिहर प्रसाद जायसवाल, ससुराको नामः नारायण साहु कलवार, पतिको नामः लाल बाबु जायसवाल, ठेगानाः धनुषा जिल्ला, तल्लो गोदार गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, गणेशमान चारनाथ न.पा. वडा नं. ७।

**ङ. लाल बाबु जायसवालः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ९२८६२४२४ (२०४५/०२/२८/धनुषा), बाजेको नामः बन्धु प्रसाद जयसवाल, बाबुको नामः नारायण साहु कलवार, ठेगानाः धनुषा जिल्ला, तल्लो गोदार गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, गणेशमान चारनाथ न.पा. वडा नं. ७।

**३. ऋणीको नामः इन्द्रकला देवी** **कर्जा शिर्षकः** सम्पत्ति धितो कर्जा

ना.प्र.प.नं. (जारी मिति/स्थान): ९२८६३५४९(२०६३/०४/०७/धनुषा), बाबुको नामः हरिहर प्रसाद जायसवाल, ससुराको नामः नारायण साहु कलवार, पतिको नामः लाल बाबु जायसवाल, ठेगानाः धनुषा जिल्ला, तल्लो गोदार गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, गणेशमान चारनाथ न.पा. वडा नं. ७।

**व्यक्तिगत जमानतकर्ताहरुः**

**क. राजु प्रसाद जयसवालः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ९२८६३५५० (२०६३/०४/०७/धनुषा), बाजेको नामः नारायण साहु कलवार, बाबुको नामः लाल बाबु जायसवाल, ठेगानाः धनुषा जिल्ला, तल्लो गोदार गा.वि.स.वडा नं. ४ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, गणेशमान चारनाथ न.पा. वडा नं. ७।

**ख. जनक प्रसाद जयसवालः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १७१०४५/२०५ (२०६६/१२/०३/धनुषा), बाजेको नामः नारायण साहु कलवार, बाबुको नामः लाल बाबु जायसवाल, ठेगानाः धनुषा जिल्ला, तल्लो गोदार गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, गणेशमान चारनाथ न.पा. वडा नं. ७।

**ग. भोला कुमार जयसवालः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १७-०१-७३-००४३१(२०७३/०१/१२/धनुषा), बाजेको नामः नारायण साहु कलवार, बाबुको नामः लाल बाबु जायसवाल, ठेगानाः धनुषा जिल्ला, गणेशमान चारनाथ न.पा. वडा नं. ७।

**घ. जितेन्द्र जायसवालः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १७९२८६३३३५ (२०६१/०९/०६/धनुषा), बाजेको नामः नारायण साहु कलवार, बाबुको नामः लाल बाबु जायसवाल, ठेगानाः धनुषा जिल्ला, तल्लो गोदार गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, गणेशमान चारनाथ न.पा. वडा नं. ७।

**ङ. लाल बाबु जायसवालः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ९२८६२४२४ (२०४५/०२/२८/धनुषा), बाजेको नामः बन्धु प्रसाद जयसवाल, बाबुको नामः नारायण साहु कलवार, ठेगानाः धनुषा जिल्ला, तल्लो गोदार गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, गणेशमान चारनाथ न.पा. वडा नं. ७।

**ऋणी शिवम हार्डवेयर र ऋणी इन्द्रकला देवीको लिलाम हुने संयुक्त धितोको विवरणः**

हरिहर प्रसाद जायसवालको छोरी, नारायण साहु कलवारको बुहारी, लाल बाबु जयसवालको पत्नी, धनुषा जिल्ला, तल्लो गोदार गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, गणेशमान चारनाथ न.पा. वडा नं. ७ बस्ने **इन्द्रकला देवी**को नाममा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, लवटोली गा.वि.स./न.पा. वडा नं. १, नक्सा सिट नं. १ख स्थित कि.न. ६३४ को क्षेत्रफल ०-०-१७-० बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

**ऋणी शिवम हार्डवेयरको लिलाम हुने धितोको विवरणः**

**क.** बन्धु प्रसाद जयसवालको नाति, नारायण साहु कलवारको छोरा, धनुषा जिल्ला, तल्लो गोदार गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, गणेशमान चारनाथ न.पा. वडा नं. ७ बस्ने **लाल बाबु जायसवाल**को नाममा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, तल्लो गोदार गा.वि.स./न.पा. वडा नं. ४, नक्सा सिट नं. ४क स्थित कि.न. ११६ को क्षेत्रफल ०-६-१५-० बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

**ख.** नारायण साहु कलवारको नाति, लाल बाबु जयसवालको छोरा, धनुषा जिल्ला, तल्लो गोदार गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, गणेशमान चारनाथ न.पा. वडा नं. ७ बस्ने **जितेन्द्र जायसवाल**को नाममा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला, तल्लो गोदार गा.वि.स./न.पा. वडा नं. ६, नक्सा सिट नं. ६क स्थित कि.न. ११० को क्षेत्रफल ०-११-०-० बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

**४. ऋणीको नामः श्री माँ लक्ष्मी इन्टरप्राईजेज** **कर्जा शिर्षकः** क्यास क्रेडिट, चालुपूंजी कर्जा र डिमाण्ड कर्जा

(नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, धनुषा, जनकपुरमा दर्ता रहेको), दर्ता नं.: २५५९/३६/०६८/०६९, दर्ता मितिः २०६८/०४/१०, स्थायी लेखा नं.: ३०४९६३५४२, ठेगानाः धनुषा जिल्ला, जनकपुर न.पा., वडा नं. ७, हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा., वडा नं. ७।

**प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः**

**लक्ष्मी महासेठः** ना.प्र.प.नं (जारी मिति/स्थान):३९६९१०२५४(२०४५/०१/१२/धनुषा), बाजेको नामः राम लखन महासेठ, बाबुको नामः महेश महासेठ, ठेगानाः धनुषा जिल्ला, जनकपुर न.पा., वडा नं. ६ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा., वडा नं. ७।

**व्यक्तिगत जमानतकर्ताहरूः**

**क. अनिल कुमार महतोः** ना.प्र.प.नं (जारी मिति/स्थान): १७११०२/८९२४(२०७०/०४/२७/धनुषा), बाजेको नामः महेश महासेठ, बाबुको नामः लक्ष्मी महासेठ, ठेगानाः धनुषा जिल्ला, जनकपुर न.पा., वडा नं. ७ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा., वडा नं. ७।

**ख. निर्मला देवीः** ना.प्र.प.नं (जारी मिति/स्थान): ३९६९४२८०(२०५३/०८/०६/धनुषा), बाबुको नामः मोहन पंजियार, ससुराको नामः महेश महासेठ, पतिको नामः लक्ष्मी महासेठ, ठेगानाः धनुषा जिल्ला, जनकपुर न.पा., वडा नं. ६ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा., वडा नं. ७।

**ग. सुनिल कुमार महतोः** ना.प्र.प.नं (जारी मिति/स्थान): १७११०२/५४१३(२०६८/०५/०१/धनुषा), बाजेको नामः महेश महासेठ, बाबुको नामः लक्ष्मी महासेठ, ठेगानाः धनुषा जिल्ला, जनकपुर न.पा., वडा नं. ७ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा., वडा नं. ७।

**लिलाम हुने धितोको विवरणः**

मोहन पंजियारको छोरी, महेश महासेठको बुहारी, लक्ष्मी महासेठको पत्नि, धनुषा जिल्ला, जनकपुर न.पा., वडा नं. ६ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, जनकपुर उ.म.न.पा., वडा नं. ७ बस्ने **निर्मला देवी**को नाममा मालपोत कार्यालय जनकपुरधाम, धनुषाको लगतमा दर्ता श्रेष्ता कायम रहेको निम्नानुसारको धितो सम्पत्तिहरूः

**क.** धनुषा जिल्ला, हरिहरपुर गा.वि.स./न.पा., वडा नं. १, नक्सा सीट नं. १क स्थित कि.न. ११२८ को क्षेत्रफल २८७.८६ व.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

**ख.** धनुषा जिल्ला, जनकपुर न.पा., वडा नं. ८, नक्सा सीट नं. १३५४१३ स्थित कि.न. १८६ को क्षेत्रफल ८६.७८ व.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

NMB BANK एनएमबि बैंक
समृद्ध नेपालको लागि
A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands
Member of: Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

### पुष्पलाल स्मृति ब्याडमिन्टन

# क्षितिज र प्रफुल सेमिफाइनलमा



प्रफुल महर्जन

काठमाडौं, साउन २७ (नागरिक)- २०औं एसियाडको तयारीमा रहेका क्षितिज खनाल र प्रफुल महर्जनले १४औं पुष्पलाल स्मृति राष्ट्रिय वरीयता ब्याडमिन्टन प्रतियोगिताको पुरुष एकल (शीर्ष आठ वरीयता) मा सेमिफाइनल यात्रा तय गरेका छन्।

ग्वार्कोस्थित सहआयोजक यल स्पोर्ट्स एकेडेमीको कभर्डहलमा बुधबार भएको समूह 'ए' को लिग खेलमा एपिएफका क्षितिजले दोस्रो जित निकाल्दै सेमिफाइनल स्थान पक्का गरेका हुन्। क्षितिजले नेपाल पुलिसका जीवन आचार्यलाई २१-१३, २३-२१ ले हराए। उनले पहिलो खेलमा नम्बर एक तथा पूर्व विश्व जुनियर शीर्ष खेलाडी प्रिन्स दाहाललाई हराएका थिए। पिस फिटनेस क्लबका विष्णु कटुवाल पनि यसै विधामा सेमिफाइनलमा पुगेका छन्। यसै विधामा एपिएफका प्रिन्सले पुलिसका सुनील जोशीमाथि २१-१४ र २१-१९ को जित निकाले। प्रिन्स र सुनीलको समान एक जित भएको छ। सेट जितको आधारमा प्रिन्स सुनीलभन्दा अगाडि छन्। सुनीलले पनि पहिलो खेलमा पुलिसकै जीवन आचार्यमाथि जित निकालेका थिए।

पुरुषकै समूह 'बी' को दोस्रो खेलमा आआफ्ना प्रतिद्वन्द्वीमाथि जित रच्दै विष्णु र आर्मीका प्रफुलले पनि सेमिफाइनलमा स्थान बनाएका हुन्। विष्णुले पुलिसका दीपक बोहरामाथि २१-१७, २१-१७ को जित रचे। प्रफुलले एपिएफका देवराज रानालाई २१-१९, ११-२१, २१-१९ ले हराए। प्रफुल सेट जितका आधारमा दोस्रो स्थानमा छन्। समूहविजेता र उपविजेताको टुङ्गो भने शुक्रबार हुने लिगको अन्तिम खेलबाट हुनेछ। नेपाल खेलकुद महासंघअन्तर्गत राष्ट्रिय ब्याडमिन्टन संघको आयोजनामा भएको प्रतियोगिताका महिला एकल (शीर्ष आठ वरीयता) तर्फ लिगमा समूह 'बी' बाट तीन खेलमा दुई जितसहित एपिएफकी रिहाना शेरचन र पुलिसकी नीता लम्सालले सेमिफाइनलमा स्थान बनाए।

सेट जितका आधारमा शेरचनले नीतालाई पछाडि पारेकी छन्। समूहविजेता र उपविजेताको छिनोफानो बिहीबार हुने खेलबाट हुनेछ। समूह 'ए' को खेलमा भने नेपाल नम्बर एक नेपाल आर्मीकी रसिला महर्जन र पुलिसकी सेस्ना श्रीपाली १/१ जितका साथ अग्रस्थानमा छन्। उक्त समूहको सेमिफाइनल स्थानको छिनोफानो शुक्रबार हुने लिगको अन्तिम खेलपश्चात् हुनेछ। सेस्नाले आर्मीकी अनुमाया राईलाई १७-२१, २१-११, २१-१३ ले हराइन्। रसिलाले पहिलो खेलमा शेस्नालाई नै हराएकी थिइन्। यु-१५ ब्वाइज एकलतर्फ आर्मीका रिजन मगरले मण्डला ब्याडमिन्टन एकेडेमीका ज्योतिरादित्य चौधरीलाई २१-१५, २१-१४ र धन्यन्तरीका सुहम कार्कीले इमाडोल ब्याडमिन्टन स्पोर्ट्स क्लबका प्रशान्त बुढाथोकीलाई २१-७, २१-१४ ले हराउँदै अन्तिम १६ को यात्रा तय गरे।

यसै विधामा कञ्चनपुरका उदय चन्दले कपिलवस्तुका निश्चल अग्रहरीलाई २१-१०, २१-११, बालकुमारी रिमिक्सका प्रज्वल वज्राचार्यले पुलिस स्कुल काभ्रेका इशान गिरीलाई १०-२१, २१-१७, २१-१८, सिन्धुलीका दीप थिङले पुलिस स्कुलका श्याम भण्डारीलाई २१-८, २१-२, आर्मीका आशुतोष कसौधनले सुर्खेतका समीर अधिकारीलाई २१-१२, १९-२१, २१-१२ र सूर्यदर्शनका सोनम ओलीले पुलिस स्कुलकै सिद्धान्त श्रेष्ठलाई २१-१२, २१-१४ ले हराउँदै अन्तिम १६ मा स्थान बनाएका छन्।

यु-१९ महिला एकलमा कस्तुरी कलेजकी अञ्जिला राई, चितवनकी सुष्मा भुजेल, एपिएफकी प्रेन्शा श्रेष्ठ र अजरेन्का शेरचन, धादिङकी निष्ठा श्रेष्ठ, एपिएफकी स्वर्लिन श्रेष्ठ र एसबिएकी सविज्ञा दाहालले अन्तिम १६ मा स्थान बनाएका छन्।

यसै विधामा एपिएफकी आश्रुति कार्की, आर्मीकी समृद्धि श्रेष्ठ र फिट नेपाल स्पोर्ट्स प्लेक्सकी श्रीशा पौडेलले पनि अन्तिम १६ मा स्थान पक्का गरे। अञ्जिलाले सेन्ट जेभियरका दृष्टि कोइरालालाई २१-४, २१-६, सुष्माले ग्यालेक्सीकी कृष्मा तामाङलाई २१-३, २१-१०, प्रेन्शाले कपिलवस्तुकी विलक्षणा सिंहलाई २१-६, २१-१७, अजरेन्काले सेन्ट जेभियरकी इभानी भण्डारीलाई २१-७, २१-६, निष्ठाले ग्लोबल स्कुल अफ साइन्सका अक्षरा यादवलाई २१-१२, २१-७, विशेषता खड्काले देवीनगर ब्याडमिन्टन क्लबकी दिव्यानी आचार्यलाई २१-८, २१-१२ ले हराए।

पुरुष यु-१९ एकलमा पुलिसका कबिर केसी र आर्मीका प्रतीक विष्टले हराउँदै अन्तिम १६ मा स्थान पक्का गरे। कबिरले धन्यन्तरीका सुहम कार्कीलाई २१-१९, २१-१९ र विष्टले धादिङका आयुष मगरलाई २१-१०, २१-९ ले हराए। आर्मीका सौर्य महर्जनले पुलिसका रितिक आचार्यलाई २१-१०, २१-९ ले हराउँदै अन्तिम १६ मा स्थान बनाएका छन्।

# प्लाजा होटल्स ग्रुपसँग मञ्चको सहकार्य




काठमाडौं, साउन २७ (नागरिक)- एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्ड २०८२ को २३औं संस्करणका लागि आयोजक नेपाल खेलकुद पत्रकार मञ्चले प्लाजा होटल्स ग्रुपसँग सहप्रायोजन सम्झौतालाई निरन्तरता दिएको छ।

सहप्रायोजनका लागि मञ्चका अध्यक्ष निरञ्जन अधिकारी र प्लाजा होटल्स ग्रुपका प्रबन्ध निर्देशक युवराज श्रेष्ठबिच सम्झौतापत्रमा हस्ताक्षर भएको छ। स्पोर्ट्स अवार्ड आगामी भदौ १८ गते प्रदर्शनीमार्गस्थित नेपाल पुलिस क्लबमा आयोजना हुँदै छ। अवार्डअन्तर्गत नौ विधाको मनोनयन हुनेछन्। वर्षका उत्कृष्ट खेलाडी पुरुष, वर्षका उत्कृष्ट खेलाडी महिला, युवा वर्ष खेलाडी, वर्ष प्रशिक्षक, पिपल्स च्वाइस अवार्ड, पारा एथलिट सम्मान, स्पेसल अवार्ड, लाइफटाइम एचिभमेन्ट अवार्ड र एसियन स्पोर्ट्स जर्नालिस्ट अवार्ड रहेको छ। यसका लागि मञ्चको खेलाडी छनोट समितिले तयारी सुरु गरिसकेको छ। मनोनयनमा ५/५ जना रहने प्रावधान छ। सहप्रायोजनबापत प्लाजा होटल्स ग्रुपले अवार्डका कार्यक्रममा आउने अतिथिका लागि आवास सुविधाको व्यवस्था गरिदिने सम्झौतामा उल्लेख छ।

साथै मञ्चले आयोजना गर्ने कार्यक्रमहरूका लागि स्थान उपलब्ध गराउने र खानपानको प्रबन्ध गर्नेछ। सम्झौता कार्यक्रममा ग्रुपका प्रबन्ध निर्देशक श्रेष्ठले खेलकुदको प्रतिष्ठित कार्यक्रममा आफ्नो संस्था निरन्तर सहयात्रामा रहन पाएकोमा खुसी व्यक्त गर्दै खेलकुदका लागि सहयोग गर्न आफू पछि नपर्ने बताए। मञ्चका अध्यक्ष अधिकारीले प्लाजा होटल ग्रुप्ससँगको सहकार्यलाई निरन्तरता दिएकोमा ग्रुपका प्रबन्ध निर्देशक युवराज श्रेष्ठप्रति धन्यवाद व्यक्त गरे। लाइफटाइम, स्पेसल, पारा एथलिट र एसियन स्पोर्ट्स जर्नलिस्ट अवार्ड विधाको विजेताको घोषणा अवार्डकै दिन हुनेछ। भोटिङमार्फत हुने भएकाले पिपल्स च्वाइस विधाको मनोनयन छिटै सार्वजनिक गरिने मञ्चका महासचिव खड्काले जानकारी गराएका छन्। वर्ष खेलाडी पुरुष, महिला, पिपल्स च्वाइस, प्रशिक्षक र युवा विधाका विजेताले पल्सर मोटरसाइकल पाउनेछन्।

अन्य विधाका विजेता तथा सम्मानित व्यक्तिलाई जनही १ लाख रुपैयाँ प्रदान गरिनेछ। पल्सर स्पोर्ट्स अवार्ड २०८२ लाई सफल बनाउन मञ्चका अध्यक्ष निरञ्जन अधिकारीको अध्यक्षतामा मूल आयोजक समिति गठन गरिएको छ। साथै अवार्ड कार्यक्रमका लागि विभिन्न उपसमिति गठन गरिएको छ।

## प्रिक्वार्टरफाइनल समीकरण तयार




काठमाडौं साउन २७ (नागरिक)- जुनियर क्रिकेट लिग (जेसीएल)- सिजन २ मा बुधबार प्रिक्वार्टरफाइनल समीकरण तयार भएको छ।

मनमैजुस्थित एन्जल्स स्पोर्ट्स कम्प्लेक्समा भइरहेको प्रतियोगितामा आयोजक एन्जल्स हार्ट नेसनल स्कुल र गम्भीर समुन्द्र सेतु, डिएभी 'रातो' र चेल्सी वर्ल्ड स्कुल, मानसिंह र पुष्पसदन तथा डिएभी 'नीलो' र क्रिएटिभ प्रिक्वार्टरफाइनलमा भिड्नेछन्। टी- १० इन्डोर छात्र क्रिकेटको बाँकी प्रिक्वार्टरफाइनलमा सत्य साई शिक्षा सदनले जेम्स, नेरिक एकेडेमीले केएमसी, द सेलिब्रेसन को-एडले ह्वाइटहाउस र भ्याली पब्लिकले एन्जल्स हार्ट माविविरुद्ध प्रतिस्पर्धा गर्नेछन्।

## एन्जल लर्डलाई सफलता

काठमाडौं साउन २७ (नागरिक)- एन्जल लर्ड १३औं ग्रिनफिल्ड कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर ब्वाइजतर्फ प्रिक्वार्टरफाइनलमा प्रवेश गरेको छ। बाफलस्थित आयोजक ग्रिनफिल्डको कोर्टमा भइरहेको प्रतियोगितामा बुधबार एन्जल लर्डले स्वर्णिमलाई ४०-२४ ले पराजित गऱ्यो। विजयी टोलीका लागि केभिन चौलागाईंले १२ स्कोर गरे। सोही स्पर्धामा न्यु जेनिथले सम्पदालाई २०-१०, सनसाइनले इनोभेटिभलाई ४६-३०, रेडियन्ट पब्लिकले काठमाडौं जेभियरलाई ६७-४४, राइजिङ स्टारले ग्रिनफिल्ड 'बी' लाई ३३-२२ र काठमाडौं भ्यालीले अद्वित्यलाई ३८-१३ ले हराए। न्यु जेनिथका राज रौनियारले ८, सनसाइनका विशाल खड्काले १९, रेडियन्टका सुगम मगरले १६, राइजिङका प्रजापति प्रोहरले १४ र काठमाडौं भ्यालीका जिग्मे लामाले १२ अंक जोडे।

सिनियर गर्ल्समा स्वर्णिमले न्यु जेनिथलाई १४-७, रेडियन्टले ग्रिनफिल्डलाई २५-१४ र काठमाडौं भ्यालीले अरुणीलाई १२-६ ले हराए। स्वर्णिमकी हिसी ल्हामु लामाले पाँच, रेडियन्टकी प्रेक्षा घिमिरेले १० र काठमाडौं भ्यालीकी दीपिका गिरीले ६ अंक बटुले। जुनियर ब्वाइजतर्फ एन्जल्स हार्टले काठमाडौं भ्यालीलाई २६-७, इनोभेटिभले केएससिएसलाई १६-४ र नेपालयले माइलस्टोनलाई १७-५ ले पन्छाए। एन्जल्स हार्टका सौरभ श्रेष्ठले १३, इनोभेटिभका सुमन सुनारले १० र नेपालयका कृतन बाँस्कोटाले ११ अंक जोडे।

# अस्ट्रेलिया र बंगलादेशबिचको टेस्ट बिहीबारदेखि

डार्विन, साउन २७ (एपी)- सन् २००३ पछि पहिलोपटक घरेलु टोली अस्ट्रेलिया आफ्नो उत्तरी क्षेत्र उष्ण कटिबन्धीय डार्विनमा टेस्ट क्रिकेटका लागि फर्किएको छ।

अस्ट्रेलियाले बिहीबारदेखि बंगलादेशविरुद्ध दुई खेलको टेस्ट शृंखला तातो र चिस्यानयुक्त हावापानी हुने डार्विनमा सुरु गर्दै छ। डार्विनस्थित मारारा स्टेडियममा हुने पहिलो टेस्टसँगै बंगलादेशले दुई दशकभन्दा बढी समयपछि अस्ट्रेलियामा टेस्ट भ्रमण गर्दै छ। शृंखलाले अस्ट्रेलियाको आगामी १२ महिनामा कम्तीमा २० टेस्ट खेल खेल्ने व्यस्त यात्राको पनि सुरुआत गर्नेछ। यस अवधिमा अस्ट्रेलियाले विश्व टेस्ट च्याम्पियन दक्षिण अफ्रिका, भारत र इङ्ल्यान्डको भ्रमणसमेत गर्ने तालिका छ। अस्ट्रेलियाको चर्चित 'बिग फोर' बलिङ आक्रमण डार्विनमा पुनः एकसाथ देखिने भएका छन्। चोटका कारण पछिल्ला खेलमा बाहिर रहेका कप्तान प्याट कमिन्स, जोस हेजलउड र नाथन लायन टोलीमा फर्किँदै छन्।

तीव्र गतिका बलर कमिन्स, हेजलउड र मिचेल स्टार्क तथा अफ स्पिनर लायन लामो समयदेखि अस्ट्रेलियाको मुख्य बलिङ हुन्। तर, चोटका कारण पछिल्ला शृंखलामा यी चारै खेलाडीले एउटै प्लेइङ-११ मा खेल्ने अवसर कमै पाएका थिए। हेजलउडको टोलीमा पुनरागमनसँगै अनुभवी स्कट बोलान्ड बाहिरिने भएका छन्। अलराउन्डर क्यामरुन ग्रिन र ब्यु वेब्सटरलाई पनि अस्ट्रेलियाको सुरुआती टोलीमा समावेश गरिएको छ। 'स्कटीको क्षमता थाहा छ। त्यसैले यो निर्णय सधैं निकै कठिन हुन्छ,' कप्तान कमिन्सले बुधबार खेलअघिको पत्रकार सम्मेलनमा भने,'तर अगाडि धेरै क्रिकेट बाँकी उनलाई भन्न चाहन्छु।' अस्ट्रेलियाको ब्याटिङ अर्डरमा भने प्रश्न छन्।

उत्तरी क्षेत्रबाट टेस्ट खेल्ने पहिलो खेलाडी ओपनर जेक वेदराल्डलाई गत सिजन इङ्ल्यान्डविरुद्ध एसेज शृंखला जितेको टोलीबाट निरन्तरता दिइएको छ। उनको पछिल्लो प्रदर्शन त्यति राम्रो नभए पनि उनी ट्राभिस हेडसँगै ओपनिङ गर्ने सम्भावना छ। अनुभवी ओपनर उस्मान ख्वाजाले टेस्ट क्रिकेटबाट संन्यास लिएपछि अस्ट्रेलियाले



ब्याटिङ संरचनामा परिवर्तन छ। यसले अलराउन्डर ग्रिन र वेबस्टर दुवैलाई एकैपटक टोलीमा खेलाउने बाटो खुलेको छ। मार्नस लाबुसेन र स्टिभ स्मिथले क्रमशः तेस्रो र चौथो नम्बरमा ब्याटिङ सम्हाल्नेछन्। तर, टोलीमा आफ्नो स्थान सुरक्षित राख्न लाबुसेनलाई पनि रन बनाउनुपर्ने दबाब छ।

**बंगलादेश भने कमजोर टोलीका साथ**

बंगलादेश भने बलिङमा निकै कमजोर अवस्थामा अस्ट्रेलिया पुगेको छ। नाहिद राना, मुस्ताफिजुर रहमान र शोरिफुल इस्लाम पहिलो टेस्टका लागि उपलब्ध छैनन्।

शोरिफुल अगस्ट २२ देखि २६ सम्म क्विन्सल्यान्डको म्याकेको हुने दोस्रो टेस्टमा भने फर्कन सक्ने सम्भावना छ। विश्वकै तीव्र गतिका बलरमध्ये एक २३ वर्षे रानाको अनुपस्थिति बंगलादेशका लागि घाटा हुनेछ। दुई महिनाअघि मात्र उनले कमजोर अस्ट्रेलियाविरुद्ध अत्यधिक

> शृंखलाले अस्ट्रेलियाको आगामी १२ महिनामा कम्तीमा २० टेस्ट खेल खेल्ने व्यस्त यात्राको पनि सुरुआत गर्नेछ।

गति र बाउन्सका साथ उत्कृष्ट प्रदर्शन गरेका थिए। घरेलु मैदानमा बंगलादेशलाई ऐतिहासिक एकदिवसीय शृंखला जिताउन उनले महत्वपूर्ण भूमिका खेले। तर, जुलाईमा जिम्बाब्वेविरुद्ध टी ट्वान्टी अन्तर्राष्ट्रियका क्रममा रानालाई साइड स्ट्रेन भएको थियो। उनको अनुपस्थितिका बाबजुद बंगलादेशका कप्तान नजमुल हुसेन सान्टोले आफ्नो टोली चुनौतीका लागि तयार रहेको बताएका छन्।

बंगलादेशको ब्याटिङ क्रम पनि चोटका कारण प्रभावित छ। अनुभवी ब्याटर मुस्फिकर रहिम औंलाको चोटका कारण टोली बाहिर छन्। सोही मैदानमा क्रिकेट अस्ट्रेलिया-११ विरुद्ध अभ्यास खेलमा कमजोर देखिएको बंगलादेशको शीर्ष क्रमले आफ्नो समस्या उजागर गरेको थियो। उक्त खेलमा बंगलादेश ५४ रनमा अलआउट भएको थियो र फराकिलो हार बेहोरेको थियो।

**अस्ट्रेलियाको व्यस्त तालिका**

बंगलादेशविरुद्ध पहिलो टेस्टसँगै अस्ट्रेलियाको आगामी १२ महिनाको कठिन यात्रा सुरु हुँदै छ। यस अवधिमा उसले २० टेस्ट खेल खेल्नेछ। विश्व टेस्ट च्याम्पियनसिपको फाइनलमा पुग्न सफल भयो भने अस्ट्रेलियाले थप एउटा टेस्ट खेल खेल्नेछ। यो भ्रमणसँगै अस्ट्रेलियाको १२ महिनाको यो लामो र व्यस्त टेस्ट क्रिकेटको यात्रा अन्त्य हुनेछ।

## काष्ठमण्डपका दुवै टोली सेमिफाइनलमा



काठमाडौं साउन २७ (नागरिक)- आयोजक काष्ठमण्डप विद्यालयका दुवै टोली बुधबार दोस्रो क्युकेएस अन्तरविद्यालय फुटसल प्रतियोगिताको जुनियर ब्वाइजतर्फ सेमिफाइनलमा प्रवेश गरेका छन्।

काष्ठमण्डपको 'ए' र 'बी' दुवै टोली सेमिफाइनलमा पुगेका हुन्। काष्ठमण्डप 'ए' ले कान्जिरोवालाई ३-० तथा काष्ठमण्डप 'बी' ले रोजबडलाई २-० गोलले पराजित गरे। सोही स्पर्धामा युरो स्कुल, हात्तीगौडाले अक्षरालाई टाइब्रेकरमा २-१ तथा काठमाडौं प्रज्ञा कुञ्जले संस्कृति इन्टरनेसनल स्कुललाई १-० गोलले हराउँदै सेमिफाइनलमा स्थान सुरक्षित गरे। सेमिफाइनलमा काठमाडौं प्रज्ञा कुञ्जको भेट काष्ठमण्डप 'बी' सँग र युरोले काष्ठमण्डप 'ए' को सामना गर्नेछन्। सिनियर गर्ल्समा जोन डेवीले युरो, छाउनीलाई ७-०, इम्पेरियलले त्रियोगलाई टाइब्रेकरमा २-१, काष्ठमण्डप 'ए' ले संस्कृतिलाई टाइब्रेकरमा २-१ र मेरिडियनले काठमाडौं प्रज्ञा कुञ्जलाई २-१ ले पाखा लगाउँदै सेमिफाइनलमा स्थान पक्का गरे।

सेमिफाइनल जोन डेवी र काष्ठमण्डप 'ए' तथा इम्पेरियल र मेरिडियनबिच हुनेछ। सिनियर ब्वाइजमा भक्तपुर निस्टले युरो, छाउनीलाई १-०, कान्जिरोवाले दीक्षालयलाई २-१, बौद्ध इन्टरनेसनल स्कुलले काष्ठमण्डप 'ए' लाई १-० र इम्पेरियलले संस्कृतिलाई १-० गोलले पन्छाउँदै सेमिफाइनल यात्रा तय गरे। सेमिफाइनलमा भक्तपुर निस्टले इम्पेरियल तथा कान्जिरोवाले बौद्ध इन्टरनेसनलविरुद्ध खेल्नेछन्। काठमाडौं क्वालिटी स्कुल (क्युकेएस) को वार्षिक कार्यक्रमअनुसार भइरहेको प्रतियोगिताअन्तर्गत बिहीबार सेमिफाइनलसंगै तेस्रो स्थानका लागि पनि खेल हुनेछ।




नेपाल रिपब्लिक मिडियाद्वारा प्रकाशित तथा मुद्रित, जेडिए कम्प्लेक्स, बागदरबार, काठमाडौं, रजिस्टर्ड नं. १६३/०५४/०५५, फोन : ५३६५१००, फ्याक्स : ५३५२२६२, इमेल : nagarik@nagariknews.com, सम्पादक : बालकृष्ण अधिकारी